सङ्घीयता खारेज गर्न एउटा पक्ष ... पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक १६४ • २०८० साल कार्त्तिक २१ गते मंगलबार (7 November, Tuesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।–

### धनुषाबाट सुन तस्करी बढ्यो

# नाम चलेका सुन व्यवसायीहरुको संलग्नता, दिनहुँ कारोबार

**संजीवकुमार झा**

जनकपुरधाम । धनुषा जिल्लाबाट केही दिन यता सुन तस्करी बढेको छ । जनकपुरधामका केही नाम चलेका सुन व्यवसायीहरुकै संलग्नतामा दिनहुँ पाँच किलो भन्दा बढी सुन नेपालबाट भारत पठाउने गरिएको स्रोतहरुले जनाएका छन् ।

जनकपुरधाम बजारमा दैनिक दुई देखि तीन किलोसम्म सुन बिक्री हुने गरेको छ । तर, नेपाल राष्ट्र बैंकले प्रत्येक दिन जनकपुरधाम बजारका लागि आधा किलो सुन मात्रै उपलब्ध गराउँदै आएको छ । केही दिन यता भारतीय व्यवसायीहरुको संलग्नतामा स्थानीय व्यवसायीहरु सुन तस्करीमा सक्रिय भएका छन् । यहाँबाट दैनिक पाँच किलो सुन भारत पठाउने गरिएको बताइएको छ । हुन त सुन तस्करीको धन्धा पुरानो नै हो ।

नेपालमा सुन काण्डहरु भइरहँदा पनि जनकपुरधामबाट सुन तस्करी भने रोकिएको छैन् । नेपाली बजारमा भारतीय रुपैयाँको अवमूल्यन हुनुको कारण पनि सुन तस्करी नै रहेको बजार विश्लेषकहरु बताउँछन् । भारतीय व्यवसायीहरु अहिले सीमा क्षेत्रमा बट्टा तिरेर नेपाली रुपैयाँ लिने गरेका छन् । सीमा क्षेत्रका बजारहरुमा पनि नेपाली रुपैयाँमै कारोबार हुने गरेको छ ।

जनकपुरधामका एक व्यवसायीका अनुसार पहिला सीमा क्षेत्रका बजारमा मात्रै नेपाली रुपैयाँले कारोबार हुने गरेको थियो । अहिले सीतामढीदेखि मुजफ्फरपुरसम्म नेपाली रुपैयाँमा कारोबार हुने गरेको छ । कारण सुन कारोबार नै रहेको ती व्यवसायीको दाबी छ ।

भारतीय तस्करहरु जनकपुरधामका केही व्यवसायीहरुलाई सीमित प्रतिशतमा आफ्ना बिचौलिया बनाएर राखेका छन् । जनकपुरधामका व्यवसायीहरुलाई एक प्रतिशतदेखि पाँच प्रतिशतसम्म तस्करीका सुन राख्नका लागि तिर्ने गरेका छन् । तस्करहरु अहिले चीनबाट सुन ल्याउने गरेको ती व्यवसायीको दाबी छ । सुन अवैध रुपमा नेपाल भित्र्याएपछि सरकारलाई कर जोगिने र सिधा भारत निकासा गर्दा भारत सरकारलाई तिर्नुपर्ने कर छलिने भएकाले तस्करहरुलाई त्यसबाट भारी फाइदा हुने गरेको स्रोतको दाबी छ ।

> महोत्तरी प्रहरीले सीमा नाकाका विभिन्न क्षेत्रबाट गत भदौमा मात्र ७२ लाख भन्दा बढी रकम बरामद गरेको छ । त्यो सुन तस्करीको रकम रहेको प्रहरीको अनुसन्धानमा देखाइएको छ ।

उनले भने-'सुन चीनबाट तस्करी भएर आउने गरेको छ । नेपाल छिर्ने बितिक्कै भारतीय व्यवसायीकै मान्छे सो सुन जनकपुरधामसम्म पुर्‍याउने गरेका छन् । जनकपुरधाममा एक दिन होल्ड गरेर फेरि ती व्यवसायीकै भारतीय भरिया आएर जटही, मधवापुर, जलेश्वर मनराशिसवालगायतका खुल्ला नाकाबाट गन्तव्यतर्फ लगिने गर्छन् ।'

नेपाल र भारतबीच खुल्ला सीमा रहेका कारण सुरक्षा निकायलाई प्रभावमा पारेर सहज ढंगले तस्करी भइरहेको छ ।

सुन तस्करी धन्धामा जनकपुरधामका ठूला र नाम चलेका व्यवसायीहरु संलग्न रहेका कारण उनीहरुमाथि शंका पनि गरिदैन्, स्रोतले भने-' जनकपुरधामका सटरहरु खाली हुने क्रममा रहेको बेला तस्करीमा संलग्नहरुको आर्थिक अवस्था सुदृढ भइरहेको छ ।'

प्रहरीले बिना स्रोतको रकम बरामद गर्न थाले पनि त्यो सीमावर्ती भारतीय बजारमा नेपालीले गर्ने कारोबारको रकम हो । महोत्तरी प्रहरीले सीमा नाकाका विभिन्न क्षेत्रबाट गत भदौमा मात्र ७२ लाख भन्दा बढी रकम बरामद गरेको छ । त्यो सुन तस्करीको रकम रहेको प्रहरीको अनुसन्धानमा देखाइएको छ ।

खुल्ला सीमा नाका र नेपाली बजार कन्ट्रोलमा नरहेका कारण नेपाली रुपैयाँ भारतीय बजारमा पुगेको बताइन्छ । भारत र नेपाली बजारमा एउटा सामानको मूल्यमा दोब्बर फरक रहने गरेका कारण नेपाली रुपैयाँ भारतीय बजारमा पुग्ने गरेको र ती रुपैयाँबाट अवैध कारोबार हुने गरेको छ ।

दैनिक पाँच किलो सुन धनुषाको विभिन्न नाकाबाट भारततर्फ लगिए पनि अहिलेसम्म प्रहरीले सुन तस्करलाई समात्न सकेको छैन् । धनुषाका प्रहरी उपरीक्षक विश्वराज खडकाले भारतबाट तस्करी गरेर ल्याएका सामान बरामद गरेको बताए ।' भारतबाट नेपाल भित्रिएको बिना स्रोतको रकम बरामद गरेका छौ ' एसपी खड्काले भने, तर सुन बरामद गर्न सकेका छैनौ ।'

धनुषाका प्रहरी दिनहुँ जसो भारतबाट नेपाल भित्रिने सामानहरु बरामद गरिरहेको छ ।

## सिंहदरवारमा धर्ना बस्ने मधेश प्रदेश सरकारको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । संविधान अनुसार प्रदेशले पाउनुपर्ने अधिकार दिन संघीय सरकारले आलटाल गरिरहेको बेला मधेश प्रदेश सरकार आन्दोलन गर्ने भएको छ ।

मधेश प्रदेश सरकारको आयोजनामा सोमबार भएको प्रदेश स्तरीय सर्वदलीय बैठकले संघीयता कार्यान्वयनका लागि संघीय सरकारलाई दबाब दिने निर्णय गरेको छ ।

प्रहरी समायोजन, निजामती कर्मचारी समायोजन, गुठी अधिनस्त जग्गाको व्यवस्थापन तथा वन सम्बन्धी अधिकार प्रदेश सरकारले पाउनुपर्ने मागसहित संघीय सरकारलाई दबाब दिन सर्वदलीय बैठकबाट निर्णय भएको मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री मोहम्मद समिमले जानकारी दिए ।

सर्वदलीय बैठकको विस्तारित निर्णय सन्दर्भमा बुधबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिने बताउँदै मन्त्री समिमले भने,'हामीले कुन कुन माग अगाडि राख्ने र कसरी अगाडि बढ्ने विषयलाई बुँदागत गरेर सार्वजनिक गर्नेछौं । तर पनि आउँदो शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई विभिन्न मागहरु राखेर १५ दिने अल्टिमेटम दिने र तोकिएको समयावधि भित्र ती मागहरु पूरा नभए सिंहदरवार अगाडि नै धर्नामा बस्ने तत्काल सर्वदलीय सहमति भएको हो ।' बैठकमा मधेश सरकारका मुख्यमन्त्री, मन्त्रीहरू तथा मधेश प्रदेशसभामा प्रतिनिधित्व गर्ने नेकपा एमालेसहित सबै पार्टीका संसदीय दलका नेता र प्रमुख सचेतकहरुको सहभागिता रहेको थियो ।

> “ हामीले कुन कुन माग अगाडि राख्ने र कसरी अगाडि बढ्ने विषयलाई बुँदागत गरेर सार्वजनिक गर्नेछौं ।

गत हप्ता प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, नेपाली कांग्रेस संसदीय दलका नेतासमेत रहेका भौतिक पूर्वाधार मन्त्री कृष्णा यादव र माओवादी केन्द्र मधेश प्रदेश संसदीय दलका नेता भरत साहले प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'लाई भेटेर प्रहरी समायोजन र निजामती कर्मचारी सम्बन्धी विधेयक पारित गराउन आग्रह गरेका थिए ।

प्रधानमन्त्रीले हप्ता दिन भित्र नै प्रहरी समायोजन र निजामती कर्मचारी सम्बन्धी ऐनलाई संसदबाट तत्काल हुन नसके अध्यादेश ल्याएर पनि कार्यान्वयन गर्ने दिएको वचन पूरा नगरेपछि प्रदेशका राजनीतिक दलका नेताहरु आक्रोशित भएका छन् ।

## गाँजा खेती अध्ययन गर्न कार्यदल गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा गाँजा खेतीको संभाव्यता अध्ययन गर्न अर्थ मन्त्रालयले कार्यदल गठन गरेको छ । गृह मन्त्रालयको सहसचिवको संयोजकत्वमा गठन गरिएको कार्यदलमा अर्थ, उद्योग, कानुन, परराष्ट्र मन्त्रालयका सहसचिव र नेपाल प्रहरीका प्रतिनिधि सदस्य तथा कृषि मन्त्रालयको सहसचिव सदस्यसचिव रहने छन् ।

अर्थमन्त्री डा.प्रकाशशरण महतको अध्यक्षतामा सोमबार बसेको बैठकमा गाँजाको औषधिजन्य प्रयोगका लागि संभाव्यता अध्ययन गर्न कार्यदल गठन गरिएको छ ।

कार्यदललाई प्रमुख रुपमा २ वटा विषयमा केन्द्रित रहेर अध्ययन गर्ने म्यान्डेट दिइएको छ । गाँजालाई औषधिका रुपमा कसरी उपयोग गर्न सकिन्छ र गाँजाबाट औद्योगीकरणको संभाव्यताको अध्ययन कार्यदलले गर्ने अर्थ मन्त्रालयले जनाएको छ ।

गाँजाको डाँठ, पात र रेसाबाट कपडा बनाउन सकिन्छ भन्ने विषयमा कार्यदलले अध्ययन गर्नेछ । कार्यदलले १ महिना भित्र प्रतिवेदन बुझाउने समयसीमा तोकिएको छ ।

हाल नेपालमा चोरी लुकी गाँजा खेती गरिन्छ ।नेपालमा उत्पादन हुने गाँजा लागू औषधको रुपमा भारत निर्यात हुने गरेको छ ।हुन त ४ दशक पूर्वसम्म नेपालमा गाँजा खेती गर्न सरकारले लाइसेन्स दिने गरेका थिए ।मधेशको सीमावर्ती सिरहा जिल्ला गाँजा खेतीका लागि प्रख्यात थियो ।


अर्थमन्त्री डा. महतले आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्दा गाँजा खेतीको संभावनाका विषयमा अध्ययन गर्ने घोषणा गरेका थिए ।

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य को १ सय ५ नम्बर बुँदामा भनिएको छ, 'औषधिजन्य प्रयोगका लागि गाँजा खेतीको संभाव्यता अध्ययन गरिनेछ ।'उनले बजेट कार्यान्वयन गर्ने क्रममा गाँजा खेतीको संभाव्यता अध्ययन गर्न कार्यदल गठन गरेका हुन् ।









# जाजरकोट भूकम्पका मृतकमध्ये ७८ बालकालिका



भेरीगङ्गा । जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पमा परी मृत्यु भएकामध्ये झण्डै आधा सङ्ख्या बालबालिका रहेको पाइएको छ । प्रहरीले उपलब्ध गराएको तथ्याङ्क अनुसार कात्तिक १७ गते राति गएको भूकम्पबाट मृत्यु भएका एक सय ५७ मध्ये ७८ बालबालिका रहेका छन् ।

जाजरकोटमा ५० र रुकुम पश्चिममा २८ जना बालबालिकाको भूकम्पमा परी मृत्यु भएको जाजरकोटका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक सन्तोष रोकाले जानकारी दिनुभयो । उहाँका अनुसार दुवै जिल्लामा गरी मृत्यु हुने झण्डै आधा बालबालिका रहेका छन् । जाजरकोटमा मृत्यु भएका एक सय पाँच मध्ये बालक २७ र बालिका २३ जना रहेका रोकाले बताउनुभयो ।

रुकुम पश्चिममा भूकम्पमा परी ५२ जनाको मृत्यु भएकामा २८ बालबालिकाले रहेका जिल्ला प्रहरी प्रमुख नमराज भट्टराइले जानकारी दिनुभयो । उहाले भन्नुभयो, "रुकुम पश्चिममा भूकम्पमा मृत्यु भएकामध्ये अधिकांश बालबालिका छन् । दुईजना १० महिनाका बालबालिकालेसमेत ज्यान गुमाएका छन् ।"

**मृत्यु हुनेमा महिला धेरै**

भूकम्पमा परी मृत्यु हुनेमा बालबालिकापछि महिला धैरै रहेका प्रहरीले जनाएको छ । प्रहरीका अनुसार जाजरकोटमा मृत्यु भएका एक सय पाँचमध्ये ५०, ३३ जना महिला र १८ जना पुरुषको मृत्यु भएको जाजरकोटका प्रनाउ रोकाले जानकारी दिनुभयो । रुकुम पश्चिममा १६ महिला र आठ जना पुरुषको मृत्यु भएको छ ।

बेला बेलामा हुने यस्ता विपद्मा महिला बालबालिका र ज्येष्ठ नागरिकसँगै अपाङ्गता भएका व्यक्ति धैरै समस्यामा पर्ने गरेका छन् । रासस

# महोत्तरीमा तिहारमा फूल पर्याप्त

महोत्तरी । यसपाली तिहारमा बर्दिबास नगरक्षेत्रमा सयपत्री फूल पर्याप्त हुने भएको छ । बर्दिबास-६ स्थित बर्दिबास कृषि कार्यक्रमको नमुना कृषि गाउँ (मोडल एग्रो भिलेज) को प्लटमा प्रसस्त फूल फुलेपछि यहाँ फूल पर्याप्त हुने भएको हो । करिब एक बिघा (१९ कठ्ठा १० धुर) क्षेत्रफलमा सयपत्री ढकमक्क फुलेपछि फूल पर्याप्त हुने आकलन गरिएको हो ।

नमुना कृषि गाउँको कूल ८४ बिघा क्षेत्रफलमध्ये व्यावसायिक कृषि प्रवर्द्धनका लागि छुट्याइएको साढे सात बिघा (सात बिघा १० कठ्ठा) क्षेत्रफलभित्र व्यावसायिक स्रोत संस्था सिलभर लाइन एग्रो प्रालिले यसपाली तिहार लक्षित फूलखेती गरेको हो । "यसपालिको तिहारमा यता ओरपरलाई हाम्रै उत्पादनको फूलले पुग्छ", संस्थाका स्रोत व्यक्ति साधुरामसिंह बस्न्यात भन्नुहुन्छ । नगरक्षेत्रका सर्वसाधारणले पनि घरआँगनमा प्रसस्तै फूल लगाएका र नमुना गाउँमा उत्पादित फूलले यहाँको माग पूरा गर्ने बस्न्यातको भनाइ छ ।



"बस्तीबस्तीमा सर्वसाधारणले पनि फूल लगाएका छन्, हाम्रो प्लटमा पनि अहिले मज्जाले फूल फुलेको छ", उहाँ भन्नुहुन्छ, "अब बर्दिबास मात्र नभएर वरपरका अन्य गाउँ/नगर बस्तीलाई पनि फूलका लागि बाहिरी बजारको मुख ताक्नु पर्दैन ।"

व्यावसायिक कृषि प्रवर्द्धनको प्लटमा अहिले ३४ हजार सयपत्रीका बिरुवामा फूल फुलेका छन् । आजदेखि फूल टिप्न थालिएको संस्थाले जनाएको छ । अब फूल टिप्ने, माला गाँस्ने र सुरक्षित भण्डारण गरेर लक्ष्मीपूजाका दिन वितरण थालिने बस्न्यातले बताउनुभयो । स्थानीय मागबाट उम्रने फूल र माला काठमाडौँ पठाइने तयारी गरिएको बस्न्यातको भनाइ छ । संस्थाले बर्दिबास नगरक्षेत्रका बासिन्दालाई नगर कार्यपालिकाको कार्यालयको समन्वयमा सुलभ मूल्य तोकेर फूलमाला उपलब्ध गराउने जनाएको छ । संस्थाले तिहार लक्षित ३० हजार माला बनाउने लक्ष्य राखेको छ । नमुना कृषि गाउँको व्यावसायिक कृषि प्रवर्द्धन कार्यक्रमलाई छुट्याइएको जग्गा बर्दिबास नगर कार्यपालिकाको कार्यालयले आधुनिक कृषिको अधिकतम विशेषतायुक्त प्रविधि प्रदर्शन, अध्ययन र परीक्षणका लागि सिलभर लाइन एग्रो प्रालिलाई २० वर्षे सम्झौताअनुसार उपलब्ध गराएको हो ।

संस्थाले कृषि प्रविधि प्रसारका लागि हरितगृह निर्माणको कार्य अन्तिम चरणमा पुऱ्याएको छ । यसभित्र अहिले १० कठ्ठा क्षेत्रफलमा १४ हजार काउली (कोभी) र छ हजार डच जेनिटिस जातका काँक्राका बिरुवा हुर्कंदै छन् । अत्याधुनिक चिनियाँ कृषि प्रविधिअनुसार हरितगृह भवनभित्रै लगाइएका यी तरकारीको उत्पादनभने संयुक्त अरब इमिरेट्स (दुबई) र हल्याण्डको बजारमा पुग्ने स्रोतव्यक्ति बस्न्यातले जानकारी दिनुभयो ।

यसबाहेक हरितगृह भवनभित्रै विभिन्न जातका तरकारी नर्सरी, फ्रुट भेजिटेवल युनिटमा काँचै चपाएर खाइने सलाद प्रयोजनका तरकारी र १० कठ्ठा क्षेत्रफलमा खुला गोलभेडा खेती गरिएको छ । व्यावसायिक कृषि प्रवर्द्धन कार्यक्रमभित्रै छुट्टै १२ बिघा क्षेत्रफलमा माछा पोखरी निर्माणको योजना भए पनि यो काम भने विभिन्न अड्चनले अघि बढ्न नसकेको स्रोत संस्थाले जनाएको छ । रासस

# भूकम्पपीडितका लागि शान्ति समाजद्वारा राहत सामग्री प्रदान

काठमाण्डु । मानव अधिकार तथा शान्ति समाजले जाजरकोट भूकम्पपीडितका लागि रु. एक लाख १५ हजारको १०० थान ब्ल्याङ्केट सहयोग गरेको छ ।

शान्ति समाजका कर्णाली प्रदेश सचिव प्रकाश शाही र आजीवन सदस्य गोविन्द दाहालसहितको टोलीले जाजरकोटस्थित विपद् व्यवस्थापन आपुर्ति समितिलाई न्यानो कपडा हस्तान्तरण गरेको हो ।

यसैगरी शान्ति समाजले काठमाडौँको कागेश्वरी मनोहरा नगरपालिका वडा नं १ गागलफेदीस्थित जेष्ठ नागरिक सेवा आश्रम र कीर्तिपुर नगरपालिका वडा नं. ४ टौदहस्थित निजानन्द आश्रमलाई बस्त्रसहित नगद रु.१८ हजार सहयोग प्रदान गरिएको सभापति रामकृष्ण बरालले जानकारी दिनुभयो । शान्ति समाजले विगत दुई दशकदेखि प्राकृतिक वा अन्य विपत्तिवाट सुरक्षाका लागि उद्धार, राहत र पूनर्बासका लागि प्रभावकारी एवं स्थायी संयन्त्र निर्माणमा जोड दिदैं आएको छ । विगत एक दशकदेखि आफ्नो क्षमताले भ्याएसम्म राहत प्रदान गर्दै आएको पनि उहाँले बताउनुभयो ।रासस

# 'योजनामा तीनै तह समेटिनुपर्छ'



मनहरि । राष्ट्रिय योजना आयोगले तयार पार्ने योजनामा सरकारका तीनै तह समेटिनुपर्नेमा जोड दिइएको छ । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले दिगो विकासका लक्ष्य हासिल गर्न संविधानको मर्म भावनाअनुसार क्षेत्राधिकारसँग मेल खाने योजना तयार गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय योजना आयोगले सोमबार बागमती प्रदेशको राजधानी हेटौँडामा आयोजना गरेको सोह्रौँ योजना आर्थिक वर्ष २०८१/८२-२०८५/८६ तर्जुमा सम्बन्धी प्रारम्भिक मस्यौदा माथिको छलफलमा मुख्यमन्त्री जम्कट्टेलले परिवर्तित राज्य व्यवस्थाअनुसार नयाँ नीति तथा कार्यक्रम तर्जुमा गर्न सुझाव दिनुभयो ।

प्रदेश अनुसारको योजना नीतिलाई नयाँ ढङ्गले विकास योजना तयार गर्नुपर्नेमा जोड दिँदै मुख्यमन्त्री जम्कट्टेलले सम्बन्धित प्रदेशको साधनस्रोतलाई उचित परिचालन हुनेगरी तयार गर्नुपर्ने बताउनुभयो । आवश्यकता पहिचान नगरी योजना तर्जमा गर्दा सोचेजस्तो सफलता हासिल गर्न नसकिने भएकाले त्यसतर्फ उचित ध्यान जानुपर्नेमा उहाँको जोड थियो ।

राष्ट्रिय योजना आयोगका सदस्य प्रभु बुढाथोकीले सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने दिशामा संरचनात्मक रुपान्तरणका लागि प्रस्तावित विषयलाई समेटेर योजना तयार गरिने विश्वास व्यक्त गर्नुभयो ।

बागमती प्रदेशका प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्राडा नरविक्रम थापाले प्रदेशको समृद्धि एवं सन्तुलित र दिगो विकास कार्यलाई तीव्रता दिन अध्ययन र विश्लेषणका आधारमा प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने बताउनुभयो । मस्यौदा माथिको छलफल मङ्गलबार सम्म चल्नेछ । रासस

# स्थानीय सेवा गठन विधेयक सर्वसम्मतिले पारित

विराटनगर । कोशी प्रदेशसभाको सोमबार बसेको बैठकले 'प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक' र 'स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिले पारित भएको छ ।

सो प्रस्ताव विना विभागीय मन्त्री शम्शेर राईले प्रदेशसभा नियमावली, २०७४(पहिलो संशोधन सहित) को नियम ९२ बमोजिम पेश गर्नुभएको थियो । यसैगरी, 'प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अध्यादेश' र 'आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश' उपसभामुख सृजना दनुवारले निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले पारित भएको छ ।



सो अध्यादेश विनाविभागीय मन्त्री गणेशप्रसाद उप्रेतीले पेश गर्नुभएको थियो । दुवै मन्त्रीले कर्णाली प्रदेशमा आएको भूकम्पबाट भएको जनधन क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै सरकार चुस्तदुरुस्त एवं विधिपूर्वक सञ्चालन हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अध्यादेश अस्वीकृतका लागि प्रदेशसभा सचिवालयमा नेपाली कांग्रेसका भूपेन्द्र राई, नेकपा माओवादी केन्द्रका नारायणबहादुर मगर र नेकपा एकीकृत समाजवादीका खिनु लङ्वा लिम्बूले दिनुभएको निवेदन फिर्ता लिनु भएपछि सो अध्यादेश निर्णयार्थ प्रस्तुत भएको थियो ।

**विशेष समय**

नेकपा एमाले संसदीय दलका तर्फबाट रामबहादुर राना मगरले कर्णाली प्रदेशमा आएको भूकम्पबाट जोखिममा रहेका जनतालाई तत्काल उद्धार गरी गाँस, बास र कपासको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सरकारलाई आन्तरिक उत्पादनलाई व्यवस्थित गरी उद्योगलाई स्थापित गर्न उहाँले सुझाव दिनुभयो । नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले कर्णाली प्रदेशमा आएको भूकम्पले धैरै जनधनको क्षति भएकाले सरकारले सक्दो सहयोग गरी नागरिकको सुरक्षामा ध्यान दिनुपर्ने माग गर्नुभयो ।

# सर्लाहीमा बोटे विद्यार्थीको पहिलो राष्ट्रिय सम्मेलन

सर्लाही । सर्लाहीको बागमतीमा नेपाल बोटे समाज विद्यार्थी सङ्गठनको पहिलो राष्ट्रिय सम्मेलनले विशालकुमार बोटे अध्यक्षतामा नौ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ ।

विभिन्न जिल्लाबाट उपस्थित भएका बाटे समुदायका विद्यार्थीको सम्मेलनले उपाध्यक्षमा इन्दिरा बोटे, सचिवमा सविना बोटे, कोषाध्यक्षमा सुजन बोटे र पाँच जना केन्द्रीय सदस्य चयन गरेको समितिका नवनिर्वाचित सचिव सविना बाटेले जानकारी दिनुभयो । सो अवसरमा बोटे जातिको भाषा, संस्कृति र पहिचानको संरक्षण गर्दै अघि बढ्नुपर्नेमा सम्मेलनका अध्यक्ष राजकुमार बोटेले जोड दिनुभयो । सम्मेलनमा चितवन र तनहुँमा बसोबास गर्ने बोटे समुदायका विद्यार्थीको उपस्थिति थियो ।

बागमती नगरपालिकाका नगर प्रमुख भरतकुमार थापाले नगरपालिकाले केही घरधुरी बोटे समुदायको संरक्षण गर्दै बस्ती नै बसालेको बताउनुभयो । उहाँका अनुसार बोटे जातिको पुर्ख्यौली पेसा माछा मार्ने तथा डुङ्गा चलाउने हो । रासस

# बक्सिङको १६ लाख ८० हजार नगद पुरस्कार निकासा

काठमाण्डु । थाइल्यान्डको बैंककमा भएको एएसबीसी यु-२२ एसियाली पुरुष तथा महिला बक्सिङ च्याम्पियनसिपमा पदक जित्न सफल खेलाडी र प्रशिक्षकको नगद पुरस्कार अर्थ मन्त्रालयले निकासा गरेको छ ।

खेलकुद विकास नियामवली-२०७९ मा व्यवस्था भए बमोजिमको नगद पुरस्कार अर्थ मन्त्रालयले निकासा गरेको राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टङ्कलाल घिसिङले जानकारी दिनुभयो । पदक विजेता चार खेलाडी र दुई प्रशिक्षकको जम्मा रु १६ लाख ८० हजार निकासा भएको हो । गत जनवरीमा भएको प्रतियोगितामा नेपालले एक रजत र तीन कांस्यपदक जितेको थियो । सुष्मा तामाङले नेपाललाई रजत पदक दिलाएकी थिइन् भने हेमा राई, त्रिशा जबेगु र विजय बाटाले कांस्य जितेका थिए । सुष्माले रु छ लाख तथा बाँकी तीन खेलाडीले जनही रु तीन लाख नगद पुरस्कार पाउनेछन् । प्रशिक्षक दीपक महर्जन र सहायक प्रशिक्षक सन्दीप श्रेष्ठले जनही रु एक लाख ८० हजार नगद पुरस्कार प्राप्त गर्नेछन् ।

केही दिनअघि अर्थ मन्त्रालयले विभिन्न समयमा भएका क्रिकेटका तीन अन्तर्राष्ट्रिय प्रतियोगिताको पूर्वघोषित नगद पुरस्कार पनि निकासा गरेको थियो । रासस

# नक्कली कागजात बनाउने थप चारजना पक्राउ

काठमाण्डु । भिजिट भिषामा विदेश पठाई दिने भन्दै नक्कली कागजात बनाउने कार्यमा संलग्न थप चारजनालाई प्रहरीले पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-३१ नयाँबानेश्वर बस्ने ३७ वर्षीय अनिष अमात्य, नुवाकोट सूर्यगढी नगरपालिका-३ घर भई हाल ललितपुर इमाडोल बस्ने ४५ वर्षीय गोपाल रिजाल, धादिङ बेनिघाट रोराङ गाउँपालिका-२, घर भई हाल काठमाडौँ नयाँबजार बस्ने ३२ वर्षीय पशुपति मैनाली तथा झापा भद्रपुर नगरपालिका-१० भई काठमाडौँ बूढानीलकण्ठ बस्ने ३२ वर्षीय सागर चापागाईं रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले राससलाई जानकारी दिनुभयो ।

प्रवक्ता रेग्मीका अनुसार भिजिट भिषामा विभिन्न देशमा पठाई दिने भनी नक्कली कागजातहरु बनाउने कार्यमा संलग्न बलबहादुर रावतसमेत चारजनालाई यही कात्तिक १८ गते पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त, महाराजगञ्ज पठाइएकामा उक्त कार्यमा अन्य व्यक्तिहरुको समेत संलग्नता रहेको हुन सक्ने देखिएकाले सो सम्बन्धमा थप अनुसन्धान गर्ने क्रममा निजलाई पक्राउ गरिएको हो ।

निजहरुलाई विभिन्न व्यक्तिहरुका नामको नक्कली शैक्षिक प्रमाणपत्र, विभिन्न सरकारी कार्यालयका होलो ग्राम, ल्यापटप, प्रिन्टर र सरकारी कार्यालयको छाप थान-दुई सय ३० सहित काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरी लिखतसम्बन्धी कसुर मुद्दामा आवश्यक अनुसन्धान तथा कारबाहीका लागि आज प्रहरी वृत्त, महाराजगञ्ज पठाइएको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो ।

आइतबार मात्रै उक्त कार्यमा संलग्न भएको अभियोगमा प्रहरीले नवलपुर मध्यविन्दु नगरपालिका-५ घर भएका ४५ वर्षीय जयराम श्रेष्ठ, गोर्खा सिरन चोक गाउँपालिका-८ घर भई हाल टोखा बस्ने ३४ वर्षीय भक्तबहादुर थापा, काठमाडौँ महानगरपालिका-१ नक्साल बस्ने ३८ वर्षीय दीपक केसी तथा सल्यान रामपुर कालीमाटी गाउँपालिका-३ घर भई हाल काठमाडौँ नागार्जुन नगरपालिका-इचङ्गुनारायण बस्ने ४२ वर्षीय बलबहादुर रावतलाई पक्राउ गरी सार्वजनिक गरेको थियो । रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |


## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# फूल व्यवसायीलाई लाखौंको नोक्सानी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामका फूल व्यवसायीलाई यस पटक भने लाखौंको नोक्सानी भएको छ। समयमा फूलमाला बिक्री नभएपछि उनीहरुलाई ठूलो क्षति बेहोर्नुपरेको छ । जनकपुरधाम उप-महानगरपालिका-२ जनक चोकका जेके फ्लावर सप्लायर्स एण्ड गिफ्ट हाउसका सञ्चालक जितेन्द्रकुमार भण्डारीले सोमबार दिउँसो लाखौं रुपैयाँका माला जनक चोकमा फालेका छन् ।

उनले ती मालाको फूलमा दाग आएका कारण त्यसलाई फाल्नु पर्ने अवस्था आएको बताए । एउटा फूलमा दाग आएपछि विस्तारै मालाका सबै फूल खराब हुने भएकाले ती माला र फूलहरु फालेको जानकारी दिए ।

अहिले जनकपुरधामको बजारमा नेपाल र भारतका फूलमाला पाइने गरेको छ। त्यसमध्ये बढी नेपाली फूल नै रहने गरेको छ तर, तुलनात्मक रुपमा नेपाली फूलभन्दा भारतीय फूल बढी टिकाउ र गुणस्तरीय हुने गरेको व्यवसायी सुरेन्द्र मण्डारी बताउँछन् । उनले धनुषा जिल्लाको देवपुरा रुपैठ, फुलगामा, परवाहा, ढल्केवरलगायतका स्थानमा ठूलो मात्रामा फूलको खेती हुने गरेको बताए । उनले भने-'चाडपर्वको बेला फूलको बिक्री बढी भएकै कारण केही मात्रामा भारतीय बजारबाट आयात गर्नुपर्ने हुन्छ नत्र नेपालमा उत्पादन हुने फूल यताका बजारका लागि पर्याप्त रहेको छ।'



चाडपर्वको बेला फूलमालाको बिक्री बढी हुने भएकाले यहाँका व्यवसायीहरु फूल खेतीतर्फ आकर्षित भएका छन् । पहिला फूल खेती माली समुदायका व्यक्तिहरुले मात्रै गर्ने गरेका थिए तर, अहिले व्यवसायिक रुपमा अन्य समुदायका व्यक्तिहरु पनि सक्रिय भएर लागेका कारणले पनि यस क्षेत्रमा फूलको खासै कमी नरहेको व्यवसायीहरु बताउँछन् ।

तर, उत्पादनले मात्रै नहुँने बताउँदै उनीहरुले गुणस्तरीयतामा ध्यान दिन उत्पादकहरुलाई व्यवसायीहरुले आग्रह गरेका छन् । भारतीय सयपत्री (गेन्दा)को फूलको माला करिब १५ दिन सम्म टिक्ने गरेका छन् तर, नेपाली सयपत्री (गेन्दा)को फूलको माला टिकाउन धौ धौ परेको व्यवसायीहरुको गुनासो छ। नेपाली फूलको गुणस्तरीयतामा ध्यान दिइयो भने भारतीय बजारको भर पर्नुपर्ने अवस्था नआउने उनीहरुको सुझाव छ ।


फूल रोप्नु अघि प्रसस्त प्रांगारिक मल भएको माटोमा रोप्नु पर्दछ तर, प्रसस्त प्रांगारिक मलको अभावका कारण फूल कमजोर हुने गरेको व्यवसायीहरुको भनाइ छ । फूलको बोटको नियमित हेरचाह हुन नसक्नुले पनि फूल कमजोर हुने गरेको उनीहरु बताउँछन् । विरुवा फुल्नु अगाबै मल दिनुपर्छ भने फूल फक्रिसकेपछि मल दिनु हुँदैन । त्यस्तै सिंचाई गर्दा कहिल्यै पनि फूलको थुंगा माथि बाट गर्नुहुँदैन । सीपको अभाव र सरकारी उदासिनताका कारण भारतीय सयपत्री भन्दा नेपाली सयपत्री कमजोर हुने गरेको व्यवसायीहरुको भनाइ छ । सयपत्रीको खेती नगदे भएका कारण सरकारले यसलाई विशेष महत्व दिनुपर्ने उनीहरुको भनाइ छ ।

कम्तीमा सरकारले दक्ष जनशक्ति र विज्ञ उपलब्ध गराइदिँदा व्यवसायीले आज फूल फाल्ने अवस्था आउने थिएन, उनीहरुको भनाइ छ । फूल व्यवसायीहरुले संघीयता आएपछि प्रदेश सरकार र स्थानीय सरकारले चासोका साथ यस व्यवसायलाई लिने भन्ने आशा र विश्वास लिएका थिए, तर प्रदेश सरकारले कुनै वास्ता नगरेको उनीहरुको गुनासो छ । कृषि मन्त्रालयले विभिन्न क्षेत्रमा अनुदान दिने गरेतापनि वास्तविक किसान भन्दा झोले किसानहरुले अनुदान पाउने गरेको उनीहरुको आरोप छ । उनीहरु भन्छन्- 'सरकारले त अनुदान वितरण गर्छन् तर, आफ्ना कार्यकर्ता लक्षित अनुदानका कार्यक्रमहरु मात्र ल्याउँछन् ।'

नेपालमा खास गरी कलकतिया, अघनुवा, मघरा, पटनिया र हजारी गरी पाँच प्रजातिका सयपत्रीका फूल पाउने गरेका छन् । जसमा कलकतिया र पटनिया बढी चलन चल्तीमा रहेकाले यस फूलको खेती यस क्षेत्रमा पर्याप्त मात्रामा हुने गरेको जेके फ्लावरका सञ्चालक भण्डारी बताउँछन् । दीपावलीको समयमा हजारी प्रजातिको फूल बजारमा आउने उनले बताए ।

साथै फूलको उनाइमा समेत टिक्ने नटिक्ने भर पर्ने गरेको जेके फ्लावरका सञ्चालक भण्डारी बताउँछन्। उनले कलकतिया फूलको उनेको माला टिकाउ हुने गरेको बताए ।

# सङ्घीयता खारेज गर्न एउटा पक्ष लागिरहेको छ : जसपा अध्यक्ष यादव



बारा। जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सङ्घीयता र समावेशी खारेज गर्न एउटा पक्ष लागिरहेको आरोप लगाउनुभएको छ । दिपावली तथा छठ पर्वका अवसरमा बाराको तेलकुवा महादेव मन्दिरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सङ्घीयता र समावेशी खारेज भए लोकतन्त्र खतरामा पर्ने बताउनुभयो ।

"सङ्घीयता कार्यान्वयन गर्नका लागि पुलिस, कर्मचारी प्रशासन, आर्थिक स्रोत प्रदेशलाई हस्तान्तरण गरोस्, प्रदेशलाई अधिकार सम्पन्न गर्न कानुन बनाइयोस्", अध्यक्ष यादवले भन्नुभयो । यादवले ५३ प्रतिशत जनसङ्ख्या भएको मधेस प्रदेशलाई सङ्घीय सरकारले जम्मा १२ प्रतिशतमात्रै बजेट विनियोजन गरेको भन्दै यहाँको विकास हुन कति वर्ष लाग्ला भनेर सोच्नुपर्ने गम्भीर विषय उब्जेको बताउनुभयो ।

"हामीलाई अधिकार, सुशासन, प्रशासन आफ्नो चाहियो, सङ्घीय सरकारले पठाएका प्रशासन हामीलाई चाहिदैन, सङ्घीयताको अर्थ केन्द्रमा साझेदारी, प्रदेशमा आफ्नो शासन, प्रशासन हो, तबमात्र अधिकार सुरक्षित हुन्छ", जसपा अध्यक्ष यादवले भन्नुभयो ।

उहाँले जथाभावी चुरे उत्खनन गर्दा त्यसको प्रत्यक्ष असर मधेस प्रदेशमा परेको बताउँदै चुरे क्षेत्रमा दोहन गरेर मधेसलाई मरुभूमि बनाउने कुनै निर्णय भए मधेसका जनतालाई पाच्य नहुने बताउनुभयो ।

फरक प्रसङ्गमा अध्यक्ष यादवले वीरगञ्ज चिनी कारखाना, कृषिऔजार कारखाना, विराटनगर जुटमिल, हेटौँडा कपडा कारखाना, बाँसबारी जुत्ता, हटौँडा सिमेन्ट कारखाना चाँडोभन्दा चाँडो सञ्चालन गर्न सरकारसँग मागसमेत गर्नुभयो ।

कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, जसपाका मधेस प्रदेशका अध्यक्ष रामबाबुकुमार यादव, नेताहरु रामकिशोर यादव, रामबाबु यादव, पारस साह, बच्चा यादव र शारदा शङ्कर जयसवालले शुभकामना व्यक्त गर्नुभएको थियो । रासस

# बन्दुकको आडमा लुटपाट

जलेश्वर। महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-८ रतवारा गाउँमा गएराति एक घरमा डाकाहरुको समूहले बन्दुको आडमा ५० लाख बढीको लुटपाट गरेका छन् ।

जयकिशोर चौधरीको घरमा गएराति १:३० बजे पेस्तोल, खुकुरी, रड र अन्य हतियारसहित प्रवेश गरेका नकाबधारी पाँच डाकाको समूहले परिवारका सबै सदस्यलाई नियन्त्रणमा लिएर लाखौंको लुटपाट गरेका जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरीक्षक प्रकाश मल्लले जानकारी दिनुभयो ।

डाकाहरुले घरधनी ५० वर्षीय जयकिशोर चौधरी, ४८ वर्षीय उनकी पत्नी सीमा, ६७ वर्षीय बुवा भुवनेश्वर र ६५ वर्षीया आमा शैलदेवी चौधरीमाथि पेस्तोल देखाउँदै नियन्त्रणमा लिएर सबैलाई भान्सा कोठामा बन्द गरेका उहाँले बताउनुभयो । मल्लका अनुसार बाँकी कोठाभित्र रहेका दराज, बक्सालगायत तोडफोड गरी लाखौंको सुन, चाँदी र नगद लुटपाट गरेका छन् ।

घरको पछाडिबाट घरभित्र छिरेका उनीहरुले भित्र छिर्ने वित्तिकै चारै जनामाथि धारिलो हतियार प्रहार गर्दै टाउको फुटाउनुका साथै हात, मुक्का र लात्तीले पटक-पटक हान्दै १:३० देखि करिब २ बजेसम्म लुटपाट गरेका पीडित परिवारले जनाएका छन् ।

डाकाको प्रहारबाट घाइते भएका सबैको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भइरहेको प्रहरी उपरीक्षक मल्लले जानकारी दिनुभयो ।

डाकाहरुले चौधरीको घरबाट रू एक लाख नगद, ४० तोला बढी सुनका गरगहना, अढाई किलो चाँदीका गरगहना, एक लाख ७५ हजार मूल्य बराबारको मोबाइल फोन मोबाइल १ थान गरी ५० लाख बढी लुटपाट गरेका पीडित चौधरीले जानकारी दिनुभयो ।

अस्पतालमा उपचाररत चौधरीका बुवा भुवनेश्वरको टाउकोमा आठवटा टाँका लगाइएको छ भने अन्यको पनि टाउकोमा चोट लागेको प्रहरी उपरीक्षक मल्लले बताउनुभयो ।

घटनाबारे प्रहरीलाई बिहान मात्रै जानकारी भएको बताउँदै उहाँले पीडित परिवारलाई भेटेर सोधपुछ गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो । थप अनुसन्धानका लागि विशेष प्रहरी परिचालन गरिने उहाँको भनाइ थियो । रासस

# भारतद्वारा दोस्रो खेपको राहत सामग्री हस्तान्तरण



काठमाण्डु । भारत सरकारले नेपालका भूकम्प प्रभावितका लागि आपत्कालीन राहत सहयोग सामग्रीको दोस्रो खेप सोमबार हस्तान्तरण गरेको छ ।

भारत सरकारका तर्फबाट यहाँस्थित राजदूतावासका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तवले नेपालगञ्जका प्रमुख प्रशान्त विष्टको उपस्थितिमा बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेललाई राहत सामग्री हस्तान्तरण गर्नुभयो ।

अत्यावश्यक चिकित्सा तथा सरसफाइ सामग्री, त्रिपाल, स्लिपिङ ब्याग र कम्बल सहितको नौ टन राहत सामग्री भारतीय वायुसेनाको विशेष विमान सी-१३० ले नेपालगञ्ज ल्याइपुर्याएको थियो ।

यी राहत सामग्रीको हस्तान्तरण यही कात्तिक १७ गते जाजरकोटमा गएको भूकम्पपछि नेपाल सरकारलाई सहयोग गर्ने भारत सरकारको प्रयासको एक हिस्साका रुपमा रहेको छ ।

त्रिपाल, टारपोलिन सिट, कम्बल, स्लिपिङ ब्याग, अत्यावश्यक औषधी र चिकित्सा उपकरण सहितको ११ टनभन्दा बढी आपत्कालीन राहत सामग्रीको पहिलो खेप भारतले नेपाल सरकारलाई हिजो कात्तिक १९ गते हस्तान्तरण गरेको थियो । रासस

### प्रधानाध्यापक साह मृत्यु घटना : शिक्षकहरु पनि आन्दोलित

# आज सिरहाका विद्यालय बन्द

**टुडे समाचारदाता**

लहान । सिरहाको गोलबजार नगरपालिका ३ स्थित सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापक संजीव साह मृत फेला परेको विषयलाई लिएर शिक्षकहरुले आन्दोलन गर्ने भएका छन् ।



शिक्षकहरुका पेशागत संगठनहरुको संयुक्त बैठकले प्रधानाध्यापक साहको मृत्यु शंकास्पद रहेको भन्दै आज सिरहा जिल्लाभरका विद्यालय बन्द गर्ने निर्णय गरेको छ। घटना गोलबजारमा भएकाले उक्त नगरपालिकाका विद्यालयहरु अनिश्चितकालीन बन्द गर्ने निर्णय पनि गरिएको छ ।

सत्य तथ्य निष्पक्ष छानविन गरी दोषी पत्ता लगाउन दबाब स्वरुप आज जिल्लाभरका विद्यालय र गोलबजार नगरपालिकाका विद्यालयहरु अनिश्चितकालका लागि बन्द गर्ने निर्णय भएको बैठकपछि शिक्षकहरुका आठ पेशागत संगठनका जिल्ला अध्यक्षहरुले संयुक्त रुपमा जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

विद्यालयहरु बन्द गरी घटना भएको गोलबजार नगरपालिका ३ स्थित सरस्वती माध्यमिक विद्यालयमा हुने संघर्षका कार्यक्रममा उपस्थित हुन शिक्षकहरुलाई विज्ञप्तीमार्फत अपिल गरिएको छ ।

आइतवार बिहान प्रधानाध्यापक साह विद्यालयमा निर्माणधीन भवनको तेस्रो तल्लामा पासोमा झुण्डिएको अवस्थामा मृत फेला परेका थिए । उनको दुबै खुट्टा तल भुईमा छोएकाले घटना शंकास्पद देखिएको छ । प्रहरीले भने घटनाबारे अनुसन्धान गरिरहेको जनाएको छ ।

मृतक प्रधानाध्यापक साह मिर्चैया नगरपालिका ६ का हुन् । उनको परिवारले घटना ढाकछोपको प्रयास भइरहेको भन्दै सोमबार मिर्चैयामा पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका थिए ।

मृतक प्रधानाध्यापक साहकी पत्नी मिना कुमारीले हत्यालाई आत्महत्यामा परिणत गर्न खोजिएको आरोप लगाएकी छन् । उनले न्याय नपाए आफू पनि आत्मदाह गर्ने चेतावनी समेत दिएकी छन् ।

# भूकम्पपीडितलाई राहत वितरणमा एकरुपता कायम गर्न रास्वपाको माग



काठमाण्डु । जाजरकोटको रामीडाँडा केन्द्रविन्दु बनाएर गएको भूकम्पबाट प्रभावितलाई राहत वितरणमा एकद्वार प्रणाली कार्यान्वयन गर्न राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारको ध्यानाकर्षण गराएको छ ।

सो पार्टीका उपसभापति डोलप्रसाद अर्याल नेतृत्वको टोलीले सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई भेटेर विगतमा राहतको नाममा कुहिएको चामल दिने तथा कसैले दोहोरो, तेहोरोसम्म राहत प्राप्त गरेकोमा यस पटक पीडितले खानयोग्य राहत समयमै पाउने गरी वितरण गर्न रास्वपाले सरकारको ध्यानाकर्षण गराएको हो ।

रास्वपाले सरकारलाई सडक पहुँच राम्रो नभएको ठाउँलाई प्राथमिकतामा राखेर राहत वितरण गर्न सुझाव दिएको छ । त्यस्तै उद्धार र राहत वितरणमा सरकारलाई आवश्यक परेमा पार्टी संयन्त्रको उपयोग गर्न सकिने पनि रास्वपाले जनाएको छ ।

जाडोयाममा भूकम्प प्रभावितको जनजीवन थप कष्टकर हुन सक्नेतर्फ ध्यान दिई तत्काल बसोबासका लागि आवश्यक प्रबन्ध गर्न सम्बन्धित निकायलाई सचेत गराउन रास्वपाले अनुरोध गरेको छ । विगतमा भूकम्प प्रभावितको पुनःस्थापना तथा पुनःनिर्माणमा भएको ढिलासुस्ती नदोहोऱ्याउन पनि सरकारको ध्यानाकर्षण गराएको छ ।

भूकम्प प्रभावितका लागि स्वदेश तथा विदेश, सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त राहत सामग्रीको वितरण लक्षित जनतासम्म पुऱ्याउने कामको अनुगमन गर्नसमेत प्रधानमन्त्रीलाई रास्वपाले अनुरोध गरेको छ । रासस

# राष्ट्रपति पौडलद्वारा विदेश भ्रमण स्थगित

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलको बुधवारदेखि तय भएको फ्रान्स, इटली र जर्मनीको भ्रमण स्थगित भएको छ। विनाशकारी भूकम्पजस्तो प्राकृतिक विपत्ति आइपरेका बेला मुलुक छाड्न उपयुक्त नहुने निष्कर्षसहित राष्ट्रपति पौडेलले सो भ्रमण स्थगित गर्नुभएको उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले प्रेस नोटमार्फत जानकारी दिनुभयो। राष्ट्रपति पौडेल भूकम्प प्रभावितहरूको अवस्था बुझ्न आज (मंगलबार) बिहान भूकम्प प्रभावित क्षेत्रतर्फ जानु हुने कार्यक्रम तय भएको जनाइएको छ।

नेपाल सरकार मन्त्रिपरिषदको बैठकले ती मुलुकको भ्रमण स्वीकृत गरेको भोलिपल्टै जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पबाट जाजरकोट र रुकुमपश्चिमलगायतका क्षेत्रमा ठूलो जनधनको क्षति भएको थियो । सो भ्रमण नेपाल र नेपाली जनताका लागि अत्यन्त महत्वपूर्ण हुँदाहुँदै पनि प्राकृतिक विपत्ति आइपरेको हुनाले यो बेला मुलुक छोड्न उपयुक्त नहुने निष्कर्षसहित राष्ट्रपतिले भ्रमण स्थगित गर्नुभएको प्रेस सल्लाहकार पोखरेलले बताउनुभयो ।

राष्ट्रपति पौडेल फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोनको निमन्त्रणामा यही नोभेम्बर ९ देखि ११ तारिखसम्म पेरिसमा हुने पिस फोरम कार्यक्रम अन्तर्गतको 'वान पोलार प्लानेट समिट' तथा 'पेरिस प्याक्ट फर पिपुल एण्ड प्लानेट' सम्मेलनमा भाग लिन जाने कार्यक्रम तय भएको थियो । नेपालले पेरिस सम्झौता २०१५ मा विश्वको तापमान एक दशमलव पाँच डिग्री सेल्सियसभित्र नियन्त्रण गर्ने प्रतिवद्धता जनाएको र नेपालले सन् २०४५ भित्र शून्य डिग्री कार्वन उत्सर्जनको महत्वाकांक्षी लक्ष्य राखेको छ ।

बिग्रँदो पर्यावरणलाई कसरी अनुकुल बनाउने भन्ने उद्देश्य रहेको उक्त सम्मेलनमा कार्वन उत्सर्जनको कुनै कारक नभएर पनि नेपालले जलवायु परिवर्तनको असर भोग्नु परेको सम्बन्धमा विश्वजगतको ध्यानाकर्षण गराउने कार्यक्रम थियो ।

त्यस्तै, युरोपेली युनियनका महत्वपूर्ण राष्ट्रहरू फ्रान्स, जर्मनी र इटलीबाट राष्ट्रपति पौडेललाई आएको निमन्त्रणासँगै ती मुलुकका राष्ट्रपतिसँग तीन दशकपछि उच्चस्तरको महत्वपूर्ण भेटवार्ता पनि तय थियो । रासस

# लोकवार्ता सङ्गोष्ठी सुरु, बाइस कार्यपत्र प्रस्तुत

गण्डकी । लोकवार्ता परिषद् नेपालको १२औं सङ्गोष्ठी सोमबारदेखि बागलुङमा सुरु भएको छ । दुई दिनसम्म चल्ने उक्त सङ्गोष्ठीको नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले शुभारम्भ गर्नुभयो । त्यस क्रममा उहाँले हजारौं वर्षदेखि मानव पुर्खाले आर्जन गरेका ज्ञान, जीवन दृष्टिकोण र सङ्घर्षका कथाहरु नै लोकवार्ता भएको बताउनुभयो ।

"लिखित इतिहास जित्नेहरुको मात्रै हुन्छ, हार्नेहरुको इतिहास लेखिँदैन, उनीहरुको कथा लोकवार्ता र मौखिक ज्ञान, परम्परामा हुन्छ", कुलपति राईले भन्नुभयो, "नेपालका जातजाति र भाषाभाषीमा प्रचलित लोकआख्यान र लोकवार्ताको खोजी तथा संरक्षण गर्नु आवश्यक छ।" उहाँले देशको अवलम्बन गर्ने संस्कृति नीतिमा मौखिक ज्ञान, परम्परा र मौलिक दर्शनलाई स्थान दिइनुपर्ने उल्लेख गर्नुभयो ।

कुलपति राईले 'सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा प्रतिष्ठान' भन्ने आदर्श वाक्यलाई आत्मसात् गर्दै प्रतिष्ठानलाई सबै नेपालीको प्रिय र साझा संस्थाका रुपमा स्थापित गरिने बताउनुभयो । लोकवार्ता सङ्गोष्ठीमा हुने बहस र छलफलको निचोडलाई ज्ञानका रुपमा समुदायमा प्रसारित गर्न प्रतिष्ठानले आवश्यक सहयोग गर्ने उहाँको भनाइ छ ।

बागलुङ नगरपालिकाका प्रमुख बसन्तकुमार श्रेष्ठले इतिहास र संस्कृतिको जगेर्नामा यस किसिमका कार्यक्रमले मद्दत पुग्ने धारणा राख्नुभयो । उहाँले लोक संस्कृति र परम्पराको खोज तथा अन्वेषणमा परिषद्ले चलाएको लोकवार्ता सङ्गोष्ठीको शृङ्खला प्रशंसनीय रहेको बताउनुभयो ।




नेपाली जनजीवनमा प्रचलित संस्कृति, लोककला, साहित्य, संस्कार, रीतिथिति आदि परम्परागत ज्ञानको अध्ययन र संरक्षणको ध्येयले कार्यक्रम आयोजना गरिएको सङ्गोष्ठी तयारी समितिका संयोजक प्रा डा दिनबहादुर थापाले बताउनुभयो ।

थापाका अनुसार सङ्गोष्ठीमा विद्वान तथा विषयविज्ञहरुद्वारा सोमबार २० वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यपत्रमाथि हुने बहस तथा समीक्षापछि आउने निचोडलाई पुस्तकाकारका रुपमा प्रकाशन गरिने उहाँले उल्लेख गर्नुभयो ।

"आज प्राज्ञिक तथा विद्वान व्यक्तित्वहरुबाट लोकवार्ताका विविध विषय र आयामबारे कार्यपत्र प्रस्तुत भएको छ", संयोजक प्रा डा थापाले भन्नुभयो, "सङ्गोष्ठीको दोस्रो दिन मङ्गलबार जिल्लाका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको स्थलगत अध्ययन भ्रमण तय गरिएको छ।"

सङ्गोष्ठीमा प्रा डा रामचन्द्र पाखरेल, काजी गाउँले श्रेष्ठले, प्रेम छोटा, महेशचन्द्र प्रधान, प्रा डा कुसुमाकर न्यौपाने, डा मधुसुदून गिरी, प्रा डा कपिल लामिछाने, डा लालबहादुर पुन, प्रा डा प्रेम खत्रीलगायतले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सङ्गोष्ठीले धवलागिरि क्षेत्रको सभ्यता र संस्कृतिको अध्ययन/अनुसन्धानमा विद्वान तथा खोजकर्ताहरुलाई प्रेरित गर्ने विश्वास आयोजकले लिएको छ। जसबाट विभिन्न जातजातिको संस्कृति, जीवनशैली, धार्मिकस्थल, प्राकृतिक सम्पदा, कला, साहित्य आदिको उत्थान र संरक्षणमा महत्त्वपूर्ण टेवा पुग्ने जनाइएको छ।


परिषद्ले सम्बन्धित विषयका विज्ञहरुलाई लोकवार्ताका विविध विषयमा अध्ययन अनुसन्धान गर्न लगाई तिनबाट आउने निचोडलाई पुस्तकका रुपमा प्रकाशनसमेत गर्दै आएको छ । परिषद्ले बर्सेनि विभिन्न जिल्लामा पुगेर लोकवार्ता सङ्गोष्ठी गर्ने गरेको परिषद्का अध्यक्ष प्रा डा प्रेम खत्रीले बताउनुभयो ।

"खोज, अनुसन्धान र प्राज्ञिक विषयसँग सम्बन्धित राष्ट्रियस्तरको कार्यक्रम भएको हुँदा लोकवार्ता सङ्गोष्ठीले छुट्टै महत्व र गरिमा बोकेको छ", अध्यक्ष खत्रीले भन्नुभयो, "परम्परागत ज्ञानको खोजी र संरक्षणले नै हाम्रो पहिचान स्थापित हुनेमा परिषद् विश्वस्त छ, त्यही अभियानमा हामी क्रियाशील छौं ।"

मङ्गलबार जिल्लाको गलकोट नगरपालिकास्थित चौबिसे राज्यका पालाको दरबार, खुला आधुनिक मूर्तिकला सङ्ग्रहालयलगायत ऐतिहासिक र पर्यटकीय महत्त्वका स्थलको अवलोकन भ्रमण गरिने अध्यक्ष प्रा डा खत्रीले बताउनुभयो । उक्त टोलीले आज बागलुङ नगरपालिकामा पर्ने प्रसिद्ध कालिका भगवती मन्दिर, विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोट, शालग्राम सङ्ग्रहालयलगायतको भ्रमण गरेको थियो ।

सङ्गोष्ठीमा नेपाल प्रज्ञा प्रतिष्ठानका पदाधिकारी, विभागीय प्रमुख, लोकवार्ता परिषद्का पदाधिकारीसहित देशका विभिन्न ठाउँबाट आउनुभएका प्राज्ञिक व्यक्तिहरुको सहभागिता रहेको छ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा आयोजित उक्त सङ्गोष्ठीको सह-आयोजकमा जनकवि केशरी धर्मराज-सावित्री थापा प्रतिष्ठान र प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड रहेको छ।

जिल्ला तहमा बागलुङ, गलकोट नगरपालिकासहित विभिन्न स्थानीय तह, सङ्घसंस्थालगायतलले सङ्गोष्ठीलाई सहयोग गरेको तयारी समितिका संयोजक प्रा डा थापाले बताउनुभयो । उक्त सङ्गोष्ठी बुधबार र बिहीबार म्याग्दीमा सञ्चालन हुने परिषद्ले जनाएको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# संघीयता जोखिममा

नेपालमा संघीयता र गणतन्त्रका लागि ठूलो आन्दोलन गरेका नेताहरु नै संघीयतालाई धरापमा पार्न थालेका छन् । संघीयतालाई संस्थागत गर्न संघीय सरकारमा रहेका दलहरु र प्रमुख प्रतिपक्षी दलले संविधान प्रदत्त अधिकारहरु प्रदेश सरकारलाई हस्तान्तरण गर्न उदार हुनुपर्नेछ। संघीयताका लागि एकजुट भएर आन्दोलन गरेका नेताहरु नै अहिले संघीयतालाई कमजोर मात्र नभइ समाप्त गर्न नै उद्यत देखिएका छन् । संघीयतालाई सुदृढ बनाउन प्रदेश सरकारलाई अधिकार सम्पन्न बनाउनु पर्छ । शासन , प्रशासन प्रदेश सरकार मातहत हुनुपर्छ। भूमि सम्बन्धी अधिकार प्रदेशलाई दिएर सरकारी, गुठी लगायतका जग्गाहरुको समुचित उपयोग र संरक्षण गराउनुपर्छ। शान्तिसुरक्षाको जिम्मेवारी संविधानले नै प्रदेशलाई दिएको छ। त्यसैगरि निजामती कर्मचारीहरु पनि प्रदेश सरकारले नियुक्त र सरुवा गर्ने अधिकार पाउनुपर्छ। संघीय सरकारका गृहमन्त्रीले प्रहरी र प्रशासनिक कर्मचारीहरुलाई चलाउँदा देशहितमा र प्रदेश सरकारका गृहमन्त्रीले चलाउँदा देशहित विपरीत हुने संकीर्ण सोचबाट सत्तासीन नेताहरु मुक्त हुनपर्छ । देशमा संघीयता कमजोर भए लोकतान्त्रिक व्यवस्था पनि टिक्दैन् । संघीयता र धर्मनिरपेक्षताको विरोधमा मात्र नभइ लोकतान्त्रिक गणतन्त्रको विरोधमासमेत सशक्त तयारी भइरहेको छ। देशमा गणतन्त्र विरोधीहरुको शक्तिलाई अब उपेक्षा गर्न सकिदैन् । सत्तासीन दलका नेताहरुको क्रियाकलाप जनप्रिय देखिएको छैन् । व्यक्तिगत स्वार्थ र भ्रष्टाचारलाई केन्द्रमा राखेर काम गर्ने नेताहरुको संख्या बढनु नै लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउनु हो । सत्तासीन दलका नेताहरुप्रति जनआक्रोश बढदो छ। देशमा आर्थिक मन्दी देखिएको छ। उद्योगी व्यवसायीहरु मात्र नभइ आमनागरिक ऋणको दबाबमा छन् । देशमा सीमित व्यक्ति रातारात मालामाल भइरहेका छन् । सर्वसाधारण कमजोर हुँदै गइरहेका छन् । वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्सले देश चलेको छ। तर वैदेशिक रोजगारीमासमेत समस्या देखिन थालिएको छ। प्रदेश सरकारहरुले रोजगारीको अवसर सृजना गर्न संघीय सरकारबाट अधिकार पाउनुपर्छ । प्रदेश सरकारले कर्मचारी र सुरक्षा सम्बन्धी निकायको परिचालन गर्ने अधिकार प्राप्त नगरेसम्म सरकारमाथि विश्वास उठनेछ । अहिले पनि प्रदेश सरकार रहेको आमनागरिकले अनुभूति गर्न पाएका छैनन्। स्थानीय तह र संघीय सरकारबीच तालमेलको कमी छ। प्रदेश सरकारलाई समन्वयकारी भूमिका दिएर विकासलाई चौतर्फी बढाउन सकिन्छ। तर संघीय सरकार देशमा प्रदेश राख्ने पक्षमा देखिएको छैन् । प्रदेशलाई अधिकारविहीन बनाएर जनतामा प्रदेश सरकारप्रति असन्तुष्टि बढाउने र त्यसपछि खारेज गर्ने पक्षमा शीर्ष नेताहरु देखिएका छन् । त्यसविरुद्ध प्रदेश सरकार र संघीयता पक्षधर नेताहरुले एकजुट भएर लाग्नुपर्छ।

# सन्दर्भ : फिलिस्तीन–इजरायल द्वन्द्व



**रोशन जनकपुरी**

मध्यपूर्वमा (हाम्रो हिसाबले पश्चिमी एसिया) इजरायल र हमासबीच जारी द्वन्द्व शुरु भएको एक महिना पुग्न लागेको छ। ७ अक्टूबरको दिन हमासका लडाकूहरुले इजरायली क्षेत्रमा आक्रमण गरेपछि, त्यस आक्रोशमा इजरायली सेनाले गाजामा निरन्तर बमबारी गरेपछि, त्यहाँ प्रति दिन हजारौं फिलिस्तीनी नागरिकहरु मारिँदैछन् । मारिनेहरुमा अधिकांश वृद्ध, महिला र बच्चाहरु छन् । यस निर्ममता र अमानवीयताको विपक्षमा विश्वभरीमा विरोध र प्रदर्शनहरु भैरहेका छन्। इजरायल र अमेरिका लगायत साम्राज्यवादीशक्तिहरुको विरुद्धमा र गाजामाथीको युद्ध तत्काल रोकिनुपर्ने माँग सहित लाखौं जनता विश्वका विभिन्न देशहरुमा सडकमा उत्रि रहेका छन्।

अमेरिकामा समेत हजारौं जनताहरु 'नदीदेखि सागरसम्म फिलिस्तीनलाई मुक्त गर', र 'गाजामा युद्ध रोक' जस्ता विविध ब्यानर सहित सडकमा प्रदर्शनमा उत्रेका छन्। अमेरिकी सरकारका प्रवक्ता ब्लिंकनको पत्रकार सम्मेलनमा केही पत्रकारहरुले अमेरिका र इजरायलको विरोध गरे भने फिलिस्तीन समर्थक केही सहभागीले रातोरंग पोतेको हात देखाएर गाजामा निर्दोष जनतामाथी भैरहेको दमनको प्रतीक खडा गरेर विरोध जनाए। संसारभरी जनस्तरमा देखिएका यी विरोध प्रदर्शनहरुले अलग्गैखाले तनावपूर्ण स्थिति खडा गरेको छ र यस्ले विश्व राजनीतिमा नै उथलपुथल ल्याउने सम्भावनापनि खडा गरिदिएको छ।

पहिलो नजरमा यस द्वन्द्वमा हमासले गरेको आक्रमणमा सयौं इजरायली निर्दोष नागरिक मारिएकोले हमास पहिलो दोषी देखिन्छ। इजरायली सरकारले पनि हमासले आफूमाथी 'अकारण' हमला गरेको र युद्ध थोपरेकोले हमासको समाप्तिपछि मात्र गाजामाथी हमला रोकिने भन्दै छ। पश्चिमा मिडिया र भारतीय मूख्यधाराका मिडियाले पनि यस द्वन्द्वलाई इजरायली शैलीमा समाचार र विश्लेषणहरु प्रसारित गर्दैछन्, र हमासलाई 'आतंकवादी' र गाजामाथी इजरायलको आक्रमणलाई आतंकवाद विरुद्धको स्वाभाविक युद्धको रुपमा चित्रित गरिरहेका छन् । हमासले इजरायली भुमिमा हमलामा जसरी निर्दोष जनताहरुपनि मारिए, त्यसको समर्थन गर्न सकिँदैन, त्यसको कडा आलोचना नै गर्नु पर्छ।

तर यस द्वन्द्वको इतिहास अध्ययन गर्दा थाहा हुन्छ कि हमासको त्यो हमला 'अकारण' होइन। इजरायल माथीको हमासको हमला विगत ७५वर्ष पुरानो क्रूर कब्जा र अमानवीय नृशंस दमन र १५ वर्षभन्दापनि बढी अवधिदेखि गाजापट्टीमा जारी अमानवीय नाकाबन्दीको विरुद्धबाध्यकारी प्रतिरोध युद्ध थियो।

संसारको सबैभन्दा सघन आबादी भएको गाजापट्टी, जहाँ वर्षौंदेखि शिशु मृत्युदर सबैभन्दा बढी छ र बेरोजगारी, गरिबी, कुपोषण र भोकको चरम स्थिति छ। यो संसारको सबैभन्दा ठूलो खुल्ला जेल हो, जहाँ इजरायलको जायोनिस्ट सत्ता नियमितरुपमा हतियारको परिक्षण गर्छ, र यसरी सम्भावित हतियार खरिददारहरु सामू यसको प्रदर्शन गर्छ। गाजापट्टीको घेराबन्दी स्वयं मानवताको विरुद्ध अपराध हो, जहाँ गाजावासीहरु रासन, बिजली, पानी, औषधि आदि बाँच्नका निम्ती चाहिने सबै सामानहरुको निम्ती इजरायली सेना र सरकारको स्वीकृतिमा भरपर्नु पर्छ, र यस्को निम्ती उनिहरुले इजरायली सत्ताधारीको अपमान, बलात्कार र नृशंस दमन सहनु निरन्तरका घटनाहरु हुन् । अहिलेपनि द्वन्द्वमा घाइते र अन्य जनताको सहयोगको निम्ती संयुक्त राष्ट्रसंघको अपीलमा विश्वभरीबाट पठाइएका सहयोग सामग्रीबोकेको सयौं ट्रक गाजापट्टीको पर्खाल पारी इजरायली शासकीय क्षेत्रमा रोकिएको छ, र इजरायल सरकारले यसलाई पठाउन अनुमति दिइरहेको छैन।

७ अक्टुबरको हमासको आक्रमण यस्तै यस्तै स्थितिको विरुद्धको आक्रोश हो । निश्चितरुपमा हमासको यो प्रतिरोध क्रूर थियो, र मानवीय दृष्टिकोण राख्नेले यस क्रूरताको समर्थन गर्न सक्दैन। तर यस निहुँमा, इतिहासको समझदारी हुने र न्यायको पक्षमा खडा हुने कसैले पनि, फिलिस्तीनी भूमिमा ब्रिटेन र अमेरिकी योजनामा बसाइएका र पछि एकतर्फी त्यसै भूमिमा आफ्नो देश इजरायल घोषणा गरेको



इजरायलीहरुले अनेक निहुँमा फिलिस्तीनी जनतासंग दुर्व्यवहार गर्ने, दमन गर्ने र प्रतिरोध गरको निहुँमा हमला गरेर फिलिस्तीनको भूमि कब्जा गर्दै जाने नियत र कार्यको समर्थन गर्न सक्दैन।

गाजापट्टीमा शासन गर्ने हमास होस वा पश्चिमी तट (वेस्ट बैंक)मा शासन गर्ने फिलिस्तिनी प्रशासन होस, फिलिस्तीनसंग इजरायलको द्वन्द्वको प्रत्यक्ष कारण यो नै हो। यस द्वन्द्वको इतिहास हेर्ने हो भने विगतमा महात्मा गान्धी, जवाहरलाल नेहरु, नेल्सन मन्डेला, फिडेल क्यास्ट्रो लगायत विश्वका प्रायः सबै उपनिवेशवाद विरोधी नेताहरु र देशहरुले इजरायलको यस प्रवृत्तिको विरोध गर्दै आएका हुन् । यतिमात्र होइन, इजरायलको विरुद्ध संयुक्त राष्ट्रसंघमा समेत अनेकौं प्रस्ताव पारित भइसकेका छन्।

ब्रिटिस योजनामा फिलिस्तीनी भूमिमा बाहिरका यहुदीहरुलाई बसाउने योजना अनुसार बाल्फोर घोषणा र फिलिस्तीनको जनादेशभन्दा पहिले अरब मुस्लिम, अरब यहुदी र अरब क्रिस्चियनहरु त्यस भूभागमा एकसाथ सौहार्द्रतापूर्वक बसेका थिए । इजरायल देशको निर्माण मूलतः जायोनिस्ट (१९औं शताब्दीको उत्तरार्धमा विकसित धुरदक्षिणपन्थी नस्लवादी यहुदी राष्ट्रको वकालत गर्ने राजनीतिक रुझानका पक्षधरहरु)को ब्रिटिस र पश्चिमी साम्राज्यवादीहरुको गँठजोडको फलस्वरुप भएको हो। ब्रिटिस लगायत पश्चिमी साम्राज्यवादीहरु सन् १९०८देखि नै मध्यपूर्वमा तेलको सबैभन्दा ठूलो स्रोतको खोजीपछि त्यस क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष वर्चस्व कायम गरेर साम्राज्यवादी हितको रक्षाको दाउमा थिए। इजरायल देशको निर्माण यसको एउटा हिस्सापनि थियो।

दोस्रो विश्वयुद्धपछि विश्व राजनीतिमा अमेरिकी साम्राज्यवाद विश्वशक्तिको रुपमा उदायो । यसकारण मध्यपूर्वको तेलमाथी कब्जा गरेर विश्व व्यापारमा कब्जा गर्ने स्वार्थ अन्तर्गत अमेरिकी नेतृत्वमा पश्चिमा साम्राज्यवादी देशहरुले इजरायलको पिठ्युमा धाप दिइरहेका छन् । फिलिस्तीनी भूमि र जनतामाथी इजरायलले गरेको ऐतिहासिक दमन र हाल गाजापट्टीमा गरिरहेको अमानवीय नरसंहारको विरुद्धमा विश्वभरी विरोध र प्रदर्शन भइरहँदापनि अमेरिका र ब्रिटेनलगायतका युरोपेली शक्तिशालीदेशहरुले आँखा चिम्लनु र निर्लज्जतापूर्वक 'इजरायललाई आफ्नो रक्षागर्ने अधिकार छ' भनेर तर्कदिनु यसै कारण हो। पश्चिमा सरकार समर्थित मिडियाहरु र हाम्रो छिमेकी भारत समेतमा मूख्यधाराका भनिने मिडियाहरु यसै इजरायलपक्षीय भाष्यलाई प्रचारित गरिररहेका छन् र हमासलाई 'आतंकवादी'साबित गरिरहेका छन्। यथार्थमा हमास इजरायलको कब्जाबाट फिलिस्तीनी भूमि मुक्त गराउने उद्देश्यसहित गठित सशस्त्र विद्रोही समूह हो, जस्ले लोकतान्त्रिक पद्धतिबाट भएको चुनावमा निर्वाचित भएर गाजापट्टीको नेतृत्व गरिरहेको छ।

मिडियाहरुमा प्रचारित इजरायल समर्थित भाष्यहरुमा फिलिस्तीन यहुदीहरुको पितृभूमि रहेको तर्क गर्दै, इजरायलको स्थापनालाई एउटा स्वाभाविक परिघटनाको रुपमा स्थापित गर्न खोजेको देखिन्छ। तर यथार्थ के हो भने, इजरायल बन्नु भन्दा पहिले केही यहुदीहरु फिलिस्तीन राष्ट्रभित्रै बस्दै आएका थिए। अन्य विश्वभरी रहेका यहुदीहरुले आफूलाई एउटा राष्ट्रको रुपमा संगठित हुने तर्कलाई कयौं पटक खारिज गरिसकेका थिए । उनिहरु आफूलाई राष्ट्रभन्दापनि धार्मिक समुदायको रुपमा परिचित गराउन खोज्थे।

यद्यपि केही देशहरुमा उनिहरु राष्ट्रिय अल्पसंख्यकको रुपमा अहिलेपनि बसीरहेका छन् र एउटाराष्ट्रियअल्पसंख्यकसमुदायलेपाउनुपर्ने अधिकार उनिहरुले पाउनुपर्छ भन्नेमा दुईमत हुनसक्दैन । यस दृष्टिले चीरकालदेखि पोलैन्डमा बसी रहेका पोलिस यहुदीहरुको पितृभूमि पोलैन्ड हो । यो तर्क नै रुस, युक्रेन, फ्रान्स ब्रिटेनमा बस्ने यहुदीहरुमा लागू हुन्छ। पहिले नै भनिसकियो यहुदीहरुको पृथक राष्ट्र हुनुपर्छ भन्ने धारणा १९को शताब्दीको अन्तितिर विकसित भएको हो , जुन ठूलो पूँजी र साम्राज्यवादीहरुबाट वित्तपोषित अन्धराष्ट्रवादी नस्लवादी विचारधारा र संकीर्ण जायोनिस्ट राजनीतिको परिणाम हो। होइन भने उन्नाइसौं शताब्दीमा जर्मनी र फ्रान्समा भएको यहुदी राष्ट्र निर्माण सम्बन्धी बैठकहरुमा तत्कालीन यहुदीहरुले नै विरोध गरेका थिए।

७ अक्टूबरमा इजरायली क्षेत्रमा हमासले गरेको आक्रमणमा १० जना निर्दोष नेपाली नागरिक लगायत अन्य देशका नागरिकहरुको समेत ज्यान गयो । हमासले इजरायली नागरिकहरुलाई बन्धक बनाएर लगेकाहरु मध्ये एकजना नेपाली नागरिक समेत छन्। यसै आधारमा नेपालमा केहीले हमास विरोधी तर्क गर्छन् । मानौ हमास नेपालको पनि दुस्मन हो । तर यथार्थ के हो भने यस द्वन्द्वमा नेपाली लगायत अन्य देशका नागरिकहरु हमासको निसानामा थिएनन् । यी अन्य देशका नागरिकहरु शिक्षा र रोजगारीको खोजीमा इजरायल गएका हुन् र परिस्थितिजन्य परिबन्दमा परेका हुन् । होइन भने हमासको द्वन्द्व त इजरायलसंग मात्र छ । यो नेपालको मात्र होइन, रोजगारीको खोजीमा विदेशिन बाध्य विश्वका प्रायः सबैसाना देशहरुको पीडा हो, जो विदेशमा जारी विविध द्वन्द्व र युद्धमा मारिन्छन् । यस द्वन्द्वमा नेपाल लगायत अन्य देशका नागरिक मारिनुको दोष कसैलाई दिने हो भने त्यो इजरायल र पश्चिमा साम्राज्यवादी देशहरु हुन्, जस्ले आफ्नो स्वार्थसिद्धिको निम्ती यस द्वन्द्वलाई निरन्तर कायम राख्न चाहन्छन् र निर्दोष फिलिस्तीनी जनतामाथी हत्या, बलात्कार र नृशंस दमनको बलमा उनिहरुलाई पलायनको निम्ती विवश पार्न चाहन्छन्।

यस कारण, हमासले संघर्षको क्रममा मानवीय पक्षलाई ध्यान दिनुपर्ने तर्क गर्नु त उचित नै होला, तर न्याय, समानता र निष्पक्षताको पक्षमा खडा हुने कसैले पनि इमान्दारीपूर्वक इजरायली उपनिवेशवादी नियतको समर्थन गर्न सक्दैन । इजरायल समर्थित विश्वभरीका मिडियाहरुको प्रचारमा हमासको हिंसक गतिविधिमात्र प्रचारित छ, हमास किन लडि रहेको छ र यस्को माँगहरु के छ भन्ने पक्षलाई उपेक्षित गरिने गरिन्छ।

र यस तर्फ ध्यान नदिएसम्म इजरायल र हमासबीचको द्वन्द्वको समाधान सम्भव देखिँदैन । हमास सन् १९६७मा द्विराष्ट्रको धारणा सहित निर्धारण गरिएको सीमा बहाल हुनुपर्ने मागँ गरिरहेको छ। जबकि यस मान्यतालाई उल्लंघन गरि इजरायल अनेकौं निहुँमा फिलिस्तीन राज्यको ठूलो भूमि हडपी सकेको छ । यस संगै उसले एकलाखभन्दा बढी गाजावासी बन्दीहरुको रिहाईको माँग गरिरहेको छ। यी माँगहरु अमेरिका र पश्चिमा शक्तिशाली राष्ट्रहरुले तय गरेका अन्तर्राष्ट्रिय कानून अनुसार नै छन् र जायजपनि छन्।

हमास एउटा इस्लामी विचारधाराको संगठन हो भन्नेमा दुईमत छैन । यस अर्थमा उसका धार्मिक आग्रहहरुको समर्थन गर्न सकिँदैन ।वर्तमान बहुसांस्कृतिक र बहुधार्मिक चरित्रको विश्वमा र यसै चरित्रका देशहरुको विद्यमानताको कारण आधुनिक राजनीतिमा धर्मनिरपेक्षताअनिवार्य विशिष्ट मानक जस्तै छ, हुनु पर्छ। तर यसै निहुँमा न त हमासका जायज माँगहरुको उपेक्षा गर्न सकिन्छ, न त इजरायलको औपनिवेशिक कब्जा र गाजा लगायत सम्पूर्ण फिस्लिस्तीनमाथी थोपरेको युद्ध र दमनलाई समर्थन गर्न सकिन्छ।

यस द्वन्द्वमा अमेरिका र ब्रिटेनलगायत साम्राज्यवादीशक्तिहरुको पापलाईपनि उपेक्षा गर्न सकिँदैन, जस्ले समग्र मध्यपूर्वको तेलमाथीको वर्चस्व कायम राख्न इजरायललाई गोटी बनाएर युद्धको खेल खेली रहेका छन्। यस कारण इजरायल र फिलिस्तीनको ऐतिहासिक विकासको अध्ययन नगरेसम्म फिलिस्तीनी जनतामाथी साम्राज्यवादीशक्तिहरुले थोपरेको ऐतिहासिक अन्यायको अनुभूति गर्न सकिँदैन।

# शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउन पलाएको आशा

**कालिका खड्का**

"नेपालको शान्ति प्रक्रियामा सघाउन पाउँदा राष्ट्रसङ्घ गौरव गर्दछ, यस क्षणमा म नेपालका शान्ति प्रक्रियामा संलग्न नेताहरूप्रति राष्ट्र सङ्घका तर्फबाट सम्मान व्यक्त गर्दछु", संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सङ्घीय संसद्को दुवै सदनलाई सम्बोधन गर्ने क्रममा भन्नुभयो।

नेपालले शान्ति प्रक्रियाअन्तर्गत सङ्क्रमणकालीन न्यायलाई अन्तिम निष्कर्षमा पुऱ्याउन लागेकामा शुभेच्छा व्यक्त गर्नुहुँदै उहाँले पीडित पक्षको अधिकारको रक्षा गर्दै उक्त प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन उपयुक्त हुने विश्वास व्यक्त गर्नुभयो । महासचिव गुटेरेसले थप्नुभयो, "यो एक नाजुक र जटिल प्रक्रिया भएपनि अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्ने, तपाईंको सर्वोच अदालतका निर्णय र पीडितहरूका आवश्यकता पूरा गर्ने प्रक्रियाको विकास गर्न र यसलाई व्यवहारमा ल्याउन संयुक्त राष्ट्रसङ्घ तपाईंहरूलाई सहयोग गर्न तयार छ।"

महासचिव गुटेरेसको उक्त भनाइले राष्ट्रसङ्घको नेपालको शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्न सहयोग गर्ने स्पष्ट सन्देश दिएको छ। नेपाल भ्रमणका क्रममा उहाँले भन्नुभयो, "नेपाल सङ्क्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन राष्ट्रसङ्घ आवश्यक सहयोग गर्न तयार छ, क्रमणकालीन न्यायले पीडित, उनीहरुको परिवार र समुदायमा शान्ति ल्याउन सहयोग गर्छ भन्ने विश्वास व्यक्त गर्दछु।"

संयुक्त राष्ट्रसङ्घले सङ्क्रमणकालीन न्यायको विषयलाई निकै चासोका साथ हेरेको विषयलाई सरकार र राजनीतिक दलका नेताहरुले पनि निश्कर्षमा पुऱ्याउनुपर्ने महसुस गर्नुभएको देखिएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालालगायत राजनीतिक दलका नेताहरुको पनि एउटै स्वरमा शान्तिप्रक्रियाको बाँकी काम पूरा गर्नुपर्छ भन्ने अभिव्यक्ति दिनुभएको छ।

प्रधानमन्त्री 'प्रचण्ड' ले नेपालको शान्ति प्रक्रिया टुङ्ग्याउन संयुक्त राष्ट्रसङ्घबाट सहयोग हुने विश्वास व्यक्त गर्दै भन्नुभयो, "शान्ति प्रक्रिया टुङ्ग्याउन संयुक्त राष्ट्रसङ्घका साथै अन्तर्राष्ट्रिय समुदायको पनि सहयोग रहनेमा म विश्वस्त छु, नेपालको शान्ति प्रक्रियाप्रति अन्तर्राष्ट्रिय समुदाय र महासचिव गुटेरेसको धारणा सकारात्मक छ, अब छिटै शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनुपर्छ।" प्रधानमन्त्री दाहालले जस्तै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष ओलीले नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सबैले ध्यान दिन जरुरी रहेको बताउनुभयो । "महासचिव गुटेरेसले शान्ति प्रक्रियालाई निश्कर्षमा पुऱ्याउन सघाउने भन्नुभएको छ, नेपालले पनि महत्वका साथ उक्त प्रक्रियालाई अघि बढाएर टुङ्ग्याउनुपर्छ।"

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालको पनि शान्ति प्रक्रियालाई निश्कर्षमा पुऱ्याउनुपर्छ भन्ने नै रहेको छ । नेपालले भन्नुभयो, "शान्ति प्रक्रिया टुङ्ग्याउनका लागि उहाँले दिएको, सुझाव महत्त्वपूर्ण छन्, यसमा हामी विश्व समुदायको समर्थनको अपेक्षा गर्छौं र हामी पनि लाग्छौं।" कांग्रेस नेता डा कोइरालाको भनाइ पनि उस्तै छ। "सबैलाई न्याय हुने गरी शान्तिप्रक्रिया टुङ्गोमा पुऱ्याउन महासचिवले सुझाव दिनुभएको छ", उहाँले जोड्नुभयो, "सर्वोच्च अदालतको आदेश, पीडितको राय लिएर, अन्तराष्ट्रिय मूल्य मान्यताअनुसार नै प्रक्रियालाई अघि बढाउनुपर्छ।" नेपाल सरकार र राजनीतिक दलहरुको यो अभिव्यक्तिअनुसार काम हुनसकेमा नेपालको शान्ति प्रक्रिया छिट्टै निष्कर्षमा पुग्नेछ।

सङ्क्रमणकालीन न्यायका जानकार अधिवक्ता राजु चापागाईंलाई पनि संयुक्त राष्ट्रसङ्घले प्राथमिकताका साथ सघाउने प्रतिवद्धता जनाएको अवस्थामा जतिसक्दो छिटो ऐन संशोधन गरेर काम अघि बढाउनुपर्छ भन्ने लागेको छ। "संयुक्त राष्ट्रका महासचिव आउँदा प्राथमिकताका साथ नै शान्ति प्रक्रियालाई टुङ्ग्याउनुपर्छ, त्यसमा राष्ट्रसङ्घ सहयोग गर्न तयार छ भन्नुभएको छ", उहाँले भन्नुभयो, "जुन कुरा महत्वपूर्ण छ, नेपालका राजनीतिक दलको पनि एकताबद्ध भएर यो विषयमा काम गर्नुपर्ने जरुरी छ।" संयुक्त राष्ट्रसङ्घले चासो दिनु आफैंमा महत्वपूर्ण विषयमा भएको र नेपाली राजनीतिक दलका नेतृत्वले गम्भीर भएर पीडितलाई न्याय दिने काममा लगाउनु उपयुक्त हुने देखिन्छ। "खाली प्रतिवद्धता व्यक्त गरेर मात्र हुँदैन, राजनीतिक दलबीच सहमति गरेर काम गरेर देखाउनुपर्ने हुन्छ", अधिवक्ता चापागाईंले थप्नुभयो, "शान्ति सम्झौता भएदेखि शान्ति प्रक्रिया टुङ्ग्याउनुपर्छ भनेको १७/१८ वर्षदेखि भइसक्यो तर हुन सकेको छैन, अब चाहीं प्राथमिकतामै राखेर यो काम गर्न जरुरी छ।"

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसले नागरिक समाज र पीडितले भनेको कुरालाई अर्थाथ भएको महसुस गर्नुभएको छ भने राष्ट्रिय र अन्तर्राष्ट्रियरुपमा सङ्क्रमणकालीन न्यायले प्राथमिकता पाउनेपर्छ भन्ने विषयलाई महत्वका साथ उठाउनुभएको छ । त्यो कुरालाई ध्यान दिएर नेपाली राजनीतिक दलहरुले पनि एक भएर पीडितलाई न्याय दिने काममा ढिलाई गर्न नहुने पीडितहरुको पनि भनाई छ।

द्वन्द्वपीडित साझा चौतारीको संस्थापक अध्यक्ष सुमन अधिकारी संयुक्तराष्ट्र र पीडितले भनेको कुरा एउटै रहेको सुनाउनुभयो। "नेपालमा भ्रमणका क्रममा संयुक्त राष्ट्रसंघका महासचिवले जे भन्नुभयो, पीडितको माग पनि त्यही हो", उहाँले थप्नुभयो, "यो समय शान्ति प्रक्रियालाई निश्कर्षमा पुऱ्याउनु गोल्डेन अवसर हो, कानुन संशोधन गर्दा र आयोगमा पदाधिकारी नियुक्ति गर्दा पीडितमैत्री हुनुपर्छ।" अहिले सङ्क्रमणकालीन न्यायको विषय राम्रोसँग उठेको र सबै दलको पनि निश्किर्षमा पुऱ्याउनुपर्छ भन्ने सोचका साथ काम अघि बढेको हुनाले पीडितहरुमा केही न्याय पाउनेमा केही आशा पलाएको उहाँको भनाइ छ।

तत्कालीन विद्रोही माओवादी र राज्यपक्षबाट २०५२ फागुन १ देखि २०६३ मङ्सिर ५ भित्रको १० वर्षअवधिमा भएका मानवअधिकार उल्लङ्घनका घटनाका पीडित अझै न्यायको पर्खाइमा छन् । दशवर्षे सशस्त्र द्वन्द्वको सत्य, तथ्य अनुसन्धान गरी दोषीलाई सजाय र पीडितलाई न्याय निरुपण गर्न सरकारले सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग २०७१ सालमा गठन गरेको थियो । उक्त आयोगले केही काम अघि बढाए पनि पूर्णरुपमा पूरा गर्न सकेको छैन । अहिले दुवै आयोग पदाधिकारीविहीन अवस्था छ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन प्रतिनिधिसभाको कानुन तथा मानव अधिकारसमितमा छलफलका क्रममा रहेको छ । उक्त समितिमा पनि एउटा उपसमिति गठन गरेर छलफल गरी समितिलाई प्रतिवेदन बुझाइसकेको छ । समितिमा थप छलफल गरेर समितिले पारित गरेपछि उक्त विधेयक संसदमा पेश हुन्छ। "दुवै आयोगमा पदाधिकारी सिफारीस गर्दा पीडितलाई न्याय दिने खालका पदाधिकारी जरुरी छ"-द्वन्द्वपीडित अधिकारीले थप्नुभयो, "पार्टीका कार्यकर्ताभन्दा पनि सम्बन्धित विषयमा विज्ञलाई पदाधिकारी नियुक्ति गर्नुपर्छ, जसले पीडितलाई न्याय महसुस हुने गरी काम गरुन्।"

विस्तृत शान्ति सम्झौताको दफा ५.२.५. मा उद्देश्य र भावनालाई आत्मसाथ गर्दै सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन, मानवताविरूद्धको अपराध र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्ने उल्लेख थियो । वास्तविक तथ्य जनसमक्ष ल्याई समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने, पीडितलाई परिपूरणको व्यवस्था गर्ने र गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानुनी कारवाहीका लागि सिफारिस गर्ने उद्देश्यसहित दुई आयोगको ऐन, २०७१ जारी भएको थियो। उक्त ऐनले अझै पूर्णता पाएको छैन । यसले गर्दा सङ्क्रमणकालीन न्यायले पूर्णता पाउन सकेको छैन।

सङ्क्रमणकालीन न्यायको पर्खाइमा रहेका पीडित महासचिव गुटेरसलाई लेखिएको पत्रमा भनिएको छ, "नेपालको शान्ति प्रक्रियाका बाँकी कामहरुः सङ्क्रमणकालीन न्यायमार्फत पीडितहरुको आवश्यकता सम्बोधन गर्न, सत्य उजागर, आत्मसम्मान, परिपूरण, स्मृति र फेरि नदोहोरिने सुनिश्चितताका लागि संयुक्त राष्ट्रसङ्घका महासचिवको ध्यानाकर्षण गर्न चाहन्छौं।"

अधिकांश पीडितहरु तिनका आधारभूत आवश्यकताहरु पूरा नहुँदा चरम अभाव र समस्यामा बाँच्न वाध्य भएको र विभिन्न वहानामा प्रक्रियालाई थप ढिलाइ गर्ने कुनै पनि हस्तक्षेपले पीडितको आवश्यकतामा प्रतिकुल असर पर्ने हुँदा राष्ट्रसङ्घले उक्त प्रक्रियालाई द्रुत गतिमा अघि बढाउन सकारात्मक पहलका लागि आग्रह गरिएको छ। "सङ्क्रमणकालीन न्यायप्रतिको दृष्टिकोणमा देखिएको परिवर्तन तथा हाल सार्वभौम संसदमा विचाराधिन संशोधन विधेयकलाई स्वागत गर्दछौं"-पत्रमा भनिएको छ, "यस विधेयकले आयोगहरुलाई लैङ्गिक तथा अपाङ्गतामैत्री र पीडित केन्द्रित भएर पारदर्शीरुपमा काम गर्नसक्ने अधिकार दिन्छ, विधेयकले पीडितको परिपूरण, मनोसामाजिक परामर्श, अन्तरिम राहत, क्षतिपूर्ति तथा पुनःस्थापनालाई अधिकारको रुपमा सुनिश्चित गरेको छ।"

नेपालको परिवेशमा स्थानीय पीडितहरुको आवश्यकता सम्बोधन हुने गरी तत्काल सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापना गरी काम थाल्नुपर्ने, पीडितहरुको माग सुनुवाइ गर्न र पीडित न्यायको प्रक्रिया अगाडि बढाउन सरकारलाई आह्वान गरिएको छ । महासचिवलाई लेखिएको पत्रमा भनिएको छ, "कानुनी तथा माफी प्रावधान संशोधन गर्नु महत्वपूर्ण छ, तर यसलाई लम्ब्याएर पीडितको आर्थिक, सामाजिक न्याय, औपचारिक स्वीकृति राष्ट्रिय स्मृतिलगायत पीडित र तिनका परिवारका लागि पुनःस्थापकीय न्यायका अन्य क्षेत्रहरुमा गरिने कार्यलाई रोक्नु हुँदैन।"

नेपालको शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सर्वोच्च अदालतको फैसला, पीडितको राय र अन्तर्राष्ट्रिय मूल्य/मान्यताअनुसार ऐन संशोधन गरी आयोगमा पदाधिकारी नियुक्त गरेर तत्काल प्रक्रिया अघि बढाउन जरुरी छ। जुन विषयमा संयुक्त राष्ट्रसङ्घका महासचिवको सुझाव र सहयोग गर्ने प्रतिबद्धताअनुसार नेपालका राजनीतिक दलका नेताहरुले प्राथमिकताका साथ उक्त कामलाई एकताबद्ध भएर अघि बढाउनुपर्ने आवश्यक छ।रासस

# राष्ट्रपतिद्वारा अन्तर्राष्ट्रिय उद्योगी व्यापारीलाई लगानीका लागि आह्वान




काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालमा कृषि, पर्यटन र ऊर्जा क्षेत्रमा लगाानीका लागि अन्तर्राष्ट्रिय उद्योगी-व्यापारीलाई आह्वान गर्नुभएको छ। एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसङ्घ (क्यासी) र नेपाल उद्योग वाणिज्य महासङ्घ (एफएनसिसीआई) को संयुक्त आयोजनामा दुई दिनसम्म चल्ने ३७औँ क्यासी सम्मेलनको आज यहाँ उद्घाटन गर्दै राष्ट्रपति पौडेलले सो आह्वान गर्नुभएको हो। "नेपालमा लगानीका क्षेत्र बढ्दै गएका छन् र लगानी सहज बनाउनका लागि कानुन निर्माण भइरहेका छन्, म कृषि, पर्यटन र ऊर्जा क्षेत्रमा लगाानीका लागि अन्तर्राष्ट्रिय उद्योगी-व्यापारीलाई आह्वान गर्दछु", राष्ट्रपति पौडेलले भन्नुभयो।

राष्ट्रपति पौडेलले आर्थिक विकासको तीव्र चाहना बोकेको हाम्रो देशमा रहेको कृषि, जलस्रोत, पर्यटनजस्ता प्रचुर प्राकृतिक स्रोत र साधनलाई अन्तर्राष्ट्रिय जगतसँग जोड्न लगानी र व्यापारका क्षेत्रमा धेरै अवसर रहेको धारणा व्यक्त गर्नुभयो।

"नेपाली विद्युत्को बजार अब भारत र बङ्गलादेश पनि बन्दैछ, विद्युत् व्यापारका क्षेत्रमा पछिल्ला दिनमा भएका प्रगतिले जलविद्युत्मा लगानी गर्न चाहने उद्यमीका लागि महत्वपूर्ण अवसर खुलेको छ। म नेपालको जलविद्युत्को क्षेत्रमा लगानी गर्न तपाईंहरू सबैलाई आह्वान गर्दछु", उहाँले भन्नुभयो।

सो अवसरमा राष्ट्रपति पौडेलले शुक्रबार राति जाजरकोट केन्द्रबिन्दु भइ गएको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा ठूलो धनजनको क्षति भएको घटनाप्रति मानवीय भावसहित पीडितलाई सहयोग गर्न सबै उद्यमी, व्यवसायीलाई अपिल पनि गर्नुभयो। उहाँले साना र मझौला उद्यम हाम्रो अर्थतन्त्रको मेरुदण्ड भएको धारणा राख्नुभयो। "आधुनिक युगमा दिगोपन एक शब्दजाल मात्र होइन, यो हाम्रो भविष्यको आधारशीला पनि हो। साना र मझौला उद्यम अर्थतन्त्रका मेरुदण्ड हुन्। तिनीहरूले वृद्धि, नवीनता र रोजगारी सिर्जना गर्छन्", उहाँले भन्नुभयो।

राष्ट्रपति पौडेलले उद्यमशीलता भनेको व्यवसाय सुरु गर्नु मात्र होइन, यो नवप्रवर्तनलाई अँगाल्ने, विविधतालाई सघनीकरण गर्ने र हाम्रा समुदायले सामना गर्ने ठूला चुनौती समाधान गर्ने सबैभन्दा बलियो आधार भएको बताउनुभयो। "तपाईंहरुले यो भावनालाई अगाडि बढाइरहनुभएको छ र बढाइरहनुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु", उहाँले भन्नुभयो। राष्ट्रपति पौडेलले दिगो उद्यमशीलता र व्यापार वास्तवमै समृद्ध र दिगो भविष्यका आधारशिला र अर्थतन्त्रको महत्वपूर्ण हिस्सा भएको बताउनुभयो। "यसले आर्थिक वृद्धिलाई मात्र होइन, सीमापार सम्बन्ध निर्माण र कायम राख्न ऊर्जा प्रदान गर्दछन्", राष्ट्रपति पौडेलले भन्नुभयो, "व्यवसाय क्षेत्रका सङ्गठनहरुले व्यापार सहज बनाउन प्रदान गर्ने मध्यस्थता, प्रक्रियाको डिजिटलाइजेसन र सञ्जालीय अवसरलगायतका सेवा व्यवसायलाई संसारसँग जोड्ने औँजार हुन्।" उहाँले उद्यमशीलता र व्यापारले विश्वव्यापी बहुपक्षीयतावादलाई सवलीकरण गर्न योगदान गर्ने र पारस्परिक लाभदायक सम्बन्धमार्फत् विश्वव्यापी शान्तिलाई बलियो बनाउन योगदान पुऱ्याउनेमा विश्वास व्यक्त गर्नुभयो।

नेपाल भौगोलिक रुपमा चीन र भारतबीच हुनु व्यापारका लागि रणनीतिक फाइदा भएको भन्दै उहाँले यो स्थितिले नेपाललाई ती विशाल उपभोक्ता बजारमा पहुँच स्थापित गर्न खोज्ने व्यवसायका लागि प्राकृतिक प्रवेशद्वार बनाउने बताउनुभयो। "दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) लगायतका क्षेत्रीय व्यापार सम्झौतामा नेपालको सदस्यताले यस क्षेत्रका व्यापार साझेदारको विशाल सञ्जालमा व्यवसायलाई पहुँच प्रदान गर्दछ", राष्ट्रपति पौडेलले भन्नुभयो।

नेपालको श्रम बजारमा सक्रिय, अनुशासित र शान्तिप्रिय श्रमशक्ति अधिक भएको र यो दक्ष श्रम, नवप्रवर्तन र उद्यमशीलताको सम्भावना खोज्ने व्यवसायको लागि सम्पत्ति भएको उहाँको भनाइ थियो। उहाँले देशको बढ्दो मध्यम वर्ग एक उदीयमान उपभोक्ता बजार भएको भन्दै खुद्रा, उपभोग्य वस्तु र सेवालगायत विभिन्न उद्योगका लागि अवसर प्रस्तुत गरेको उल्लेख गर्नुभयो। प्राकृतिक विविधतायुक्त नेपालले पर्यटन क्षेत्रको विकासको प्रचुर सम्भावना बोकेको छ र यसमा आज हुने लगानीले भोलि प्रतिफल दिनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो। सूचना प्रविधि, उत्पादनमूलक उद्योग, कृषिजन्य उद्योग नेपालमा सम्भावना भएका अन्य क्षेत्र भएकाले यी क्षेत्रमा पनि लगानी बढाउन उहाँले आग्रह गर्नुभयो। सम्मेलनका विषय विश्वव्यापी चिन्ता मात्र नभइ नेपालको आर्थिक विकास र दिगोपनका लागि पनि उत्तिकै सान्दर्भिक रहेको उहाँको भनाइ थियो। रासस

# तीन दिनभित्रै सबै ठाउँमा राहत पुग्छ : जनार्दन शर्मा



रुकुम। प्रतिनिधिसभा सदस्य जनार्दन शर्माले रुकुमपश्चिमको भूकम्प प्रभावित ठाउँमा तीनदिनभित्रै राहत सामग्री पठाइसक्ने बताउनुभएको छ। सोमबार जिल्ला व्यवस्थापन समितिको बैठकमा उहाँले राहत वितरणको काम तीव्र पारिने बताउनुभयो।

"हामीले योजना बनाएर नै राहत वितरणको काम सुरु गरेका छौँ। कुन ठाउँमा कति क्षति भएको छ। कस्तो खालको राहतका सामग्री आवश्यक पर्ने हो। कुन क्षेत्रलाई हामीले बढी प्राथमिकतामा राखेर राहत वितरणको काम गर्ने भन्ने योजना बनाएर नै राहत वितरण हुन्छ", शर्माले भन्नुभयो। राहत वितरणपछि पुनःनिर्माण नभएसम्मका लागि अस्थायी बासको व्यवस्थाका लागि काम गर्ने र पुनःनिर्माणमा लाग्ने उहाँको भनाइ थियो।

भूकम्पका कारण अवरुद्ध भएको विद्युत् तथा सडक मर्मत र फोन सेवालाई मुख्य प्राथमिकतामा राखेर काम गर्ने योजना रहेको शर्माले बताउनुभयो। जिल्ला व्यवस्थापन समितिमा आएको राहत स्थानीय तहलाई दिने र स्थानीय तहले बाँड्ने व्यवस्था गर्ने उहाँले बताउनुभयो।रासस

# उपप्रधानमन्त्री खड्का जाजरकोटमा

काठमाण्डु। उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्का जाजरकोट भूकम्पको केन्द्रविन्दुमा पुग्नुभएको छ। भूकम्प आएदेखि निरन्तर प्रभावित क्षेत्रमा खटिनुभएका उपप्रधानमन्त्री खड्का सोमबार विहान जाजरकोट सदरमुकाम खलङ्गालगायतका क्षेत्रमा पुगी स्थलगत निरीक्षण गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।



भूकम्प प्रभावित क्षेत्रमा पुगी रक्षामन्त्री समेत रहनुभएका खड्काले उद्धार तथा राहत वितरणबारे जानकारी लिनुका साथै राहत वितरणलाई थप प्रभावकारी बनाउन निर्देशन समेत दिनुभयो। उहाँले भूकम्पको केन्द्रबिन्दु रहेको बारेकोटका स्थानीयसँग कुरा गर्दै उद्धार सकिएको र अब सरकारले सम्पूर्ण शक्ति राहत वितरण र पुनःनिर्माणमा लगाउने बताउनुभयो।

"सरकारले राहत वितरण सुरु गरिसकेको छ। राहत सामग्री पालिकालाई जिम्मा लगाउने र वडामार्फत वितरण हुन्छ", उहाँले भन्नुभयो, "यस घडीमा सबैले मिलेर राहत वितरण र अनुगमनमा सहयोग गर्नुपर्छ।"

उपप्रधानमन्त्री खड्काले बारेकोट गाउँपालिकामा दुई हजार पाँच सय परिवार घरमा बस्न नसक्ने अवस्थामा रहेको तथ्याङ्क आफूले प्राप्त गरिसकेको भन्दै प्राथमिकताका साथ राहत वितरण हुनेछ भन्नुभयो। केही राहत सामग्री आइसकेको र थप सामग्री आउने क्रममा रहेको जानकारी दिँदै उपप्रधानमन्त्री खड्काले वडाअध्यक्ष, वडा सदस्य र राजनीतिक दलको समन्वयमा राहत वितरणलाई प्रभावकारी र निष्पक्ष बनाइनेमा जोड दिनुभयो।

सो अवसरमा भूकम्प प्रभावित जनताले आफूहरुले भूकम्पका कारण ठूलो जनधनको क्षति बेहोरेको भन्दै उपप्रधानमन्त्री खड्कासँग पुनःस्थापनाको काम छिटो गरिदिन आग्रह गर्नुभएको थियो।

"सरकारले भूकम्पपीडितको जीवनरक्षा र उद्धारलाई पहिलो प्राथमिकतामा राखेको र अब राहत विरतणलाई तीव्रता दिन्छ", उपप्रधानमन्त्री खड्काले भन्नुभयो, "राहत वितरणलगत्तै पुनःनिमार्णको काम सुरु हुन्छ।"

उपप्रधानमन्त्री खड्का पछिल्लो तीन दिनदेखि भूकम्प प्रभावित क्षेत्रमै रही स्थलगत निरीक्षण, उद्धार, राहत वितरणलगायतमा निरन्तर खटिनुभएको छ। रासस

# नेपाल अमेरिका सम्बन्ध र परराष्ट्रमन्त्री साउदको भ्रमण



वासिङ्टन डिसी। अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिङ्केनको निमन्त्रणामा अमेरिका आउनुभएका परराष्ट्रमन्त्री नारायणप्रकाश साउदको भ्रमण व्यस्त कार्यतालिकाका साथ सम्पन्न भएको छ। लामो समयपछि दुई देशबीच परराष्ट्र मन्त्रीस्तरमा द्विपक्षीय वार्ता सौहार्दपूर्ण रुपमा फलदायी भएको छ।

नेपालमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई स्वागत गरेर गत सोमबार बिहान डिसी आइपुग्नुभएका मन्त्री साउदले सोही दिन अमेरिकाको विदेश मन्त्रालयमा आफ्ना समकक्षी ब्लिङ्केनसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो।

उक्त छलफलमा नेपालको आर्थिक सामाजिक विकासमा महत्वपूर्ण साझेदार रहेको अमेरिकाले विगत ७६ वर्षदेखि नागरिकस्तरको सम्बन्धसमेत मजबुत बनाउँदै आएको मित्रराष्ट्र अमेरिकाको प्रयासको मन्त्री साउदले प्रशंसा गर्नुभएको थियो। आफ्नो सम्बोधनका क्रममा पनि मन्त्री साउदले दूरीका हिसाबले दुई देश टाढा रहेपनि पारस्परिक सहयोगमा भने अमेरिका नेपालको एक महत्वपूर्ण विकास साझेदार राष्ट्र रहेको उल्लेख गर्नुभएको थियो।

अमेरिकाले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा झण्डै आठ दशकदेखि पुऱ्याउँदै आएको सहयोग महत्वपूर्ण रहेको छ।

सन् १९५१ मा काठमाडौँमा १० हजारलाई टेलिफोन विस्तारको सहयोग गरेर अमेरिकी सहयोग नियोगमार्फत पूर्वाधार क्षेत्रमा सहयोग गर्दै आएको अमेरिकाले मलेरिया उन्मुलनदेखिकृषिविश्वविद्यालयको सुदृढीकरण हुँदै हजारौँ पिस्कोर स्वयंसेवकलाई नेपालको शिक्षा, स्वास्थ्य खानेपानीलगायतका क्षेत्रमा गर्दै आएको सहयोग सामाजिक आर्थिक रुपान्तरणका लागि महत्वपूर्ण बन्दै आएको छ।

**कूटनीतिक सफलता**

अमेरिका नेपालको मुख्य विकास साझेदार मात्र होइन एक्काइसौँ शताब्दीको द्रुतगतिमा भइरहेको सूचना प्रविधि र नवीनतम् उत्पादनमा नेपाललाई पनि हातेमालो गरेर अगाडि बढ्ने रणनीतिका साथ काम गर्दै आएको एक असल मित्रराष्ट्र पनि हो।

विगत एक वर्षमा हेर्ने हो भने अमेरिकी र नेपालका अधिकारीहरुको भ्रमण आदानप्रदानको शृङ्खला देखिन्छ। हरेक महिनाजस्तो अमेरिकामा नेपालका सरकारी अधिकारी, सांसदहरुको समूह र कूटनीतिक भ्रमणको आदानप्रदान र सहकार्य जारी रहेको छ। विगत एक वर्षमा मात्र पनि युएसएआइडिकी प्रमुख प्रशासक समान्था पावर, सहायक विदेशमन्त्री डोनाल्ड लु लगायतका अधिकारीहरुले नेपालको भ्रमण गरिसक्नुभएको छ।

यता डिसीस्थित नेपाली दूतावासले पनि आफ्नो सक्रियतालाई बढाएर अमेरिकाको संसद्मा कङ्ग्रेस गठन भइसकेको छ। अमेरिकी सिनेटरको भ्रमणलगायतका विषयले नेपाल र अमेरिकाबीचको कूटनीतिक सक्रियताले तीव्रता पाएको छ।

ह्वाइट हाउसले आयोजना गर्दै आएको र दोस्रो पटक आयोजना भएको डेमोक्रेसी समिटमा यसै वर्ष नेपालको सहभागिताले नेपालको संविधानप्रदत्त प्रजातन्त्र, मानव अधिकार, विधिको शासन, पारदर्शीता, सुशासनका विषयमा अगाडि बढिरहेको सन्देश दिन सफल भएको छ। यस पटकको परराष्ट्र मन्त्रीस्तरीय भ्रमणले नेपालले आफूले हासिल गरेका प्रजातान्त्रिक अभ्यास, मानव अधिकार, स्वतन्त्र प्रेसलगायतका विषयमा आफ्ना समकक्षीसँग स्पष्ट धारणा राख्ने अवसर पाएको र यसबाट नेपालको कूटनीतिक उचाइ बढाउने एक महत्वपूर्ण अवसर पनि प्राप्त भएको छ।

य स प ट क का ` भ्रमणमा मन्त्री साउदले अमेरिकी सहयोगमा सञ्चालित परियोजनाहरुको कार्यान्वयनमा जोड दिएको पनि बताउनुभएको छ। मन्त्री साउदले नेपालले कार्यान्वयनमा लगेको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) को सहयोगलाई समयमा सम्पन्न गरेर दोस्रो एमसिसीका लागि पनि ढोका खुल्नसक्ने सम्भावना यस भ्रमणमा औँल्याउनुभएको छ।

**व्यस्त भ्रमण तालिका**

अमेरिकी विदेश ब्लिङ्केनसँग गएको सोमबार विदेश मन्त्रालयमा भएको भेटघाटबाट सुरु भएको मन्त्री साउदले क्याविनेट मन्त्री सरहको पदमा रहेकी युएसएआइडिकी प्रमुख प्रशासक समान्था पावर, अमेरिकी सिनेटको वैदेशिक मामिलाका सदस्य सिनेटर क्रिश भ्यान होलेन, एमसिसीका प्रमुख कार्यकारी अधिकृत एलिस अल्ब्राइटलगायत एजेन्सीका प्रभावशाली व्यक्तिसँगको भेटघाटमा व्यस्त रहनुभयो। वास्तवमा नेपालको सामाजिक आर्थिक विकासमा यी व्यक्तित्वहरुको भूमिका महत्वपूर्ण रहने भएकाले उहाँहरुसँग मन्त्री साउदले गर्नुभएका द्विपक्षीय भेट एवं आवश्यक छलफलले नेपाललाई आगामी दिनमा लाभ नै हुने अनुमान सहजै गर्न सकिन्छ।

भ्रमणको दोस्रो दिन मन्त्री साउदले अमेरिकी इष्टिच्युट अफ पिसमा नेपालले वर्तमान अवस्थामा गरिरहेको प्रजातान्त्रिक अभ्यास, यस अभ्यासमा नागरिकको सहभागिता र नेपालको समावेशी शासन प्रणालीमा महिलाको पहुँचको मात्र चर्चा गर्नुभएन नेपाल अमेरिकाबीचको सम्बन्धको सिंहावलोकनसमेत गर्नुभएको थियो। उहाँले नेपालको परराष्ट्र नीतिको आधारस्तम्भको रुपमा रहेको पञ्चशील र तटस्थताको सिद्धान्तलाई पालना गर्दै दुई छिमेकीको द्रुतगतिमा भइरहेको विकासका विविध पक्षहरुका बारेमा पनि औँल्याउनुभएको थियो।

नेपालको कूटनीतिक क्षेत्रका जानकारहरु जहिले पनि नेपालको भूराजनीतिक अवस्थालाई ध्यान दिँदै सबै प्रकारका समस्याको समाधान तनाव र उत्तेजनामा नभई कूटनीतिक तरिकाबाट गर्नुपर्छ भन्ने गर्दछन्। हरेक प्रकारका समस्याहरुको समाधान छलफलबाट अर्थात् कूटनीतिक वार्ताको टेबलबाट नै गर्न सकिने बताउँदै उनीहरु बताउँदै आएका छन्। कुनै पनि वाद र नाममा नेपालको कूटनीतिको छातालाई कोल्टे पार्न हुन्न भन्ने कुरामा नेपाल सदैव चनाखो हुनैपर्छ।

राष्ट्रसङ्घको वडापत्रमा रहेर ऐतिहासिकरुपमा एक सार्वभौम, तटस्थ राष्ट्रकारुपमा उभिएको नेपालले आगामी दशकौँसम्म यी कुरालाई मध्यनजर राखेर विश्वमञ्चमा आफ्नो उपस्थिति जनाउनुपर्ने स्थिति छ। यो कुरालाई मनन् गर्दै मन्त्री साउदले भ्रमणका दौरानमा पनि नेपालले सदैव पञ्चशीलमा आधारित कूटनीतिमा विश्वास गर्दै आएको बताउँदै आउनुभएको छ।

अमेरिका भ्रमणको अर्को महत्वपूर्ण उपलब्धिका रुपमा अमेरिकी नागरिकका तर्फबाट नेपाललाई उपहारस्वरुप प्रदान गरिएको एमसिसी परियोजनाको मुख्यालयमा नै पुगेर मन्त्री साउदले भेटघाट गर्दै एमसिसी परियोजनाले नेपालको आर्थिक सामाजिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने बताउनुका साथै यस परियोजनाका बारेमा नेपालको धारणा पनि स्पष्ट रुपमा राख्नुभएको थियो।

यसलाई तोकिएको समयमा नै सम्पन्न गरेर नेपालमा स्वास्थ्य क्षेत्रका लागि अर्को एमसिसी लैजानुपर्छ भन्ने मान्यता राख्ने स्वतन्त्र विश्लेषकको टिप्पणी रहेको छ। यसैले यस परियोजनालाई समयमा नै सम्पन्न गरेर नेपालको पूर्वाधार विकासको एउटा नयाँ चरणमा प्रवेश गर्ने कुरामा मन्त्री साउद सफल हुनुभएको देखिन्छ।

**लगानीका लागि अनुरोध**

पछिल्ला वर्षमा नेपालको कूटनीतिमा अघि सारिएको एक अर्को अभ्यास हो आर्थिक कूटनीति। यसैलाई मध्यनजर राखेर मन्त्री साउदले अमेरिका चेम्बर अफ कमर्शका लगानीकर्तालाई भेटेर नेपालले लगानीको वातावरण बनाउन कुनै कसर नराखेको बताउनुभयो।रमसस

# नेपाली कांग्रेस बागमती प्रदेशको प्रमुख सचेतकमा लम्साल

मकवानपुर। नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिंह लामाले उक्त दलको प्रमुख सचेतकमा प्रदेशसभाका सदस्य गोविन्द लम्साललाई नियुक्त गर्नुभएको छ। नवनियुक्त प्रमुख सचेतक लम्सालले प्रदेशसभाको सचिवालयमा सोमबार आफैँ उपस्थित हुनुभई प्रमुख सचेतक पदमा नियुक्त भएको दलको जानकारी पत्र सचिवालयमा दर्ता गराउनुभएको प्रदेशसभा सचिवालयका प्रमुख सचिव कृष्णहरि खड्काले राससलाई बताउनुभयो।

कांग्रेस संसदीय दलका नेता लामाले प्रदेशसभाको दोस्रो कार्यकालको निर्वाचन लगत्तै गठन भएको प्रदेशसभामा कांग्रेसको प्रमुख सचेतकमा प्रदेशसभाका सदस्य कुन्दनराज काफ्लेलाई नियुक्त गर्नुभएको थियो। सचेतक काफ्लेले केही हप्ताअघि मात्र कांग्रेस संसदीय दलका नेता लामालाई राजीनामा पत्र बुझाउनुभएपछि सो प्रमुख सचेतक पद रिक्त भएको थियो। नवनियुक्त प्रमुख सचेतक लम्साललाई नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको विधान बमोजिम प्रमुख सचेतकमा नियुक्ति गर्नुभएको उक्त दलका नेता लामाले जानकारी दिनुभयो। रासस


Madhesh Province Government

**Madhesh Institute of Health Sciences**

Madhesh Province, Janakpurdham, Dhanusha

**First Amendment Notice**

Date of Publication: 7th November 2023

This is to inform all the Nepalese bidders that the notice published on 20 October 2023 for the services mentioned in the table below has been amended due to some technical issues. The details of the amendment can be accessed through the bolpatra portal www.bolpatra.gov.np. Bidders are advised to attend the pre-bid meeting for further informations.

| S.N. | Name of Service | IFB No. |
|---|---|---|
| 1 | Procurement of Services for Security Guard | MIHS/SERVICES/NCB/80-81/1 |
| 2 | Procurement of Services for Cleaners | MIHS/SERVICES/NCB/80-81/2 |

मधेश प्रदेश सरकार

**ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालय**

जनकपुरधाम, धनुषा

**स्तरवृद्धिको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना**

सूचना प्रकाशन मिति: २०८०/०७/२१

प्रदेश निजामति सेवा ऐन, २०७७ को दफा ४० बमोजिम स्तर वृद्धिको लागि यस ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालय र मातहतका डिभिजन कार्यालयमा कार्यरत प्रदेश निजामति सेवाका कर्मचारीहरुले स्तरवृद्धिको लागि निवेदनसाथ देहायका सम्पूर्ण कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र नेपाल इन्जिनियरिङ्ग सेवा जियोलोजी समूह हा.जी. उपसमूह तथा ऊर्जा प्रविधि समूहका छैठौं र आठौं तहमा स्तर वृद्धि हुने योग्यता पुगेको उमेदवारहरुले यस कार्यालयको website:https//mowsed.madhesh.gov.np/ मा उपलब्ध फाराम भरी यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि स्तर वृद्धि समितिको मिति २०८०/०७/१९ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

**देहाय**:

- स्तर वृद्धि हुने तह भन्दा एक तह मुनिको पदमा तीन वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात (नियुक्ति पत्र, समायोजन पत्र तथा पदस्थापन पत्रको प्रमाणित प्रतिलिपी)
- कम्तिमा तीस कार्यदिनको सेवासँग सम्बन्धीत विषयमा सेवाकालिन तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- पछिल्लो तीन आ.व. मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना।

# चिनियाँ राष्ट्रपति सी र अष्ट्रेलियाका प्रधानमन्त्री अल्बानिजबीच बेइजिङमा भेटवार्ता

**एएफपी**

बेइजिङ । चीनका राष्ट्रपति सी चिनफिङ र अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजबीच सोमबार बेइजिङमा भेटवार्ता भएको छ । चीन अष्ट्रेलियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो, तर सन् २०२० मा अस्ट्रेलियाको तत्कालीन कन्जरभेटिभ सरकारले चिनियाँ विशाल प्रबिधि कम्पनी हुवावेलाई फाइभ-जी सम्झौतामा प्रतिबन्ध लगाएपछि र कोभिड-१९ को उत्पत्तिबारे अनुसन्धान गर्न आह्वान गरेपछि सम्बन्ध विग्रिएको थियो ।

त्यसपछि आक्रोशित बेइजिङले कोइला, जौ र वाइनलगायत अस्ट्रेलियाली वस्तुमा दण्डात्मक कर लगाएको थियो । तर गत वर्षको मे महिनामा अल्बानिज सत्तामा आएदेखि नै चीनले अस्ट्रेलियाली सामानमाथि लगाएको अधिकांश प्रतिबन्ध हटाएको छ र 'स्वस्थ र स्थिर' सम्बन्ध चाहेको बताएको छ ।



अष्ट्रेलियाको सार्वजनिक प्रसारक एबीसीले सोमबार सार्वजनिक गरेको उद्घाटन भाषणमा सात वर्षभन्दा बढी समयपछि चीन भ्रमण गर्ने पहिलो अस्ट्रेलियाली उच्च नेता अल्बानीजले दुई देशबीचको सम्बन्धमा 'निःसन्देह धेरै सकारात्मक' प्रगति भएको बताउनु भएको छ । गत वर्ष इन्डोनेसियामा दुई नेताबीच भेट भएदेखि नै अल्बानिजले सीलाई भन्नुभएको थियो, "दुवै देशको फाइदाका लागि स्वतन्त्र रूपमा व्यापार प्रवाह भइरहेको छ ।" उहाँले भन्नुभयो, "हामी आज दुई देशबीच कसरी थप सहकार्य गर्न सक्छौं भन्ने कुराको खोजी गर्ने अवसरलाई सदुपयोग गर्न सक्छौं ।" अल्बानिजले यसअघि दुई देशबीचको भिन्नताका बारेमा 'स्पष्ट आँखा' राख्नुपर्ने आवश्यकतालाई स्वीकार गर्नुभएको छ भने ती दुई देश रणनीतिक रूपमा एकाकार नभएको धारणा व्यक्त गर्नुभएको छ । उहाँले भन्नुभयो, "हामीले चीनसँग सकेसम्म सहकार्य गर्नुपर्छ, जहाँ आवश्यक छ त्यहाँ सहमत हुनुपर्छ र हाम्रो राष्ट्रिय हितमा संलग्न हुनुपर्छ ।" चीनले संयुक्त राज्य अमेरिका र बेलायतसँग अष्ट्रेलियाको सुरक्षा सम्झौताको विरोध गरेको छ र आणविक शक्तिबाट सञ्चालित पनडुब्बीहरू किन्ने उसको निर्णयको निन्दा गरेको छ । यसलाई व्यापक रूपमा एशिया-प्रशान्तमा चिनियाँ सैन्य शक्तिलाई रोक्ने प्रयासको रूपमा हेरिएको छ ।

अल्बानिजले राष्ट्रहरूको आत्मनिर्णयको अधिकार, साथै मानव अधिकार र शान्ति कायम गर्ने पक्षमा आवाज उठाउनुभएको छ । उहाँले चीनले आफूलाई यथास्थितिको पक्षमा रहेको शक्तिका रूपमा नदेख्ने विश्वास व्यक्त गर्नुभएको छ । तर विश्लेषकहरूका अनुसार यो साता हुने उच्चस्तरीय बैठकले बेइजिङले आफूलाई 'परोपकारी र सौम्य साझेदार'का रूपमा प्रस्तुत गर्नेछ ।

एसिया सोसाइटी अस्ट्रेलियाका अध्येता कर्टनी फुङले एएफपीसँग भन्नुभयो, "चीन आफ्नो आर्थिक बलप्रयोग वा बन्धक कूटनीतिको आलोचनामा केन्द्रित हुन चाहँदैन ।" चीनले अस्ट्रेलियाली पत्रकार चेङ लेईलाई जासुसीको आरोपमा तीन वर्ष हिरासतमा राखेर गत महिना रिहा गरेको थियो । जासुसीको आरोपमा सन् २०१९ देखि चीनको जेलमा रहेका अस्ट्रेलियाली लेखक याङ जुनका छोराले अल्बानिजलाई आफ्नो मुद्दा उठाउन र आफ्ना पिताका लागि पनि त्यस्तै 'चमत्कार' गर्न आग्रह गर्नुभएको छ ।

विश्लेषक युन सुनका अनुसार बेइजिङले यो भ्रमणलाई अस्ट्रेलियाले आफ्ना विगतका गल्तीलाई स्वीकारेको अवस्थामा प्रस्तुत गर्न चाहेको छ । वासिङ्टनस्थित स्टिम्सन सेन्टरका सनले भन्नुभयो, "यसले अल्बानिजलाई इतिहासको सही पक्षमा रहेको र अष्ट्रेलियाको अर्थव्यवस्था, विशेष गरी यसको वाइन उद्योगलगायत निर्यात उद्योगहरूको खातिर सही छनौट गरिरहेको रूपमा चित्रण गर्नेछ ।

# क्यानले टि २० विश्वकपमा पुग्ने नेपाली क्रिकेट टोलीलाई ५० लाख पुरस्कार दिने

काठमाण्डु । नेपाल क्रिकेट संघ (क्यान) ले टि२० विश्वकप २०२४ मा स्थान बनाउने नेपाली क्रिकेट टोलीलाई ५० लाख पुरस्कार दिने भएको छ। नेपालले बिहीबार माथिल्लो मुलपानी क्रिकेट मैदानमा आइसिसी टि२० विश्वकप एसिया क्षेत्र छनोटको सेमिफाइनलमा युएईलाई ८ विकेटले हराउँदै विश्वकपमा स्थान बनाएको थियो ।

क्यानको मंगलबार बसेको बोर्ड बैठकले ५० लाख पुरस्कारले सम्मान गर्ने जनाएको हो। त्यस्तै क्यानले दुई साताअघि मलेसियामा सम्पन्न एसिसी यू१९ प्रिमियर कप जित्ने क्रिकेट टोलीका सदस्यलाई जनही ५० हजार रुपैयाँले सम्मान पनि गर्ने भएको छ।

नेपालले यू१९ प्रिमियर कपको उपाधि जित्दै आगमी २०२४ जनवरीमा यू१९ एसिया कप समेत खेल्न पाउनेछ।

नेपालले टि२० विश्वकप छनोट एसिया समूह चरणमा सिंगापुरलाई ८ विकेट र मलेसियालाई ६ विकेटले हराएको थियो । ओमानसँग समूह चरण र फाइनल दुबैमा हारेको थियो । समूह चरणमा पाँच रन र फाइनलमा सुपर ओभरमा पराजित भएको थियो।

नेपालले एसिसी यू१९ प्रिमियर कपको फाइनलमा युएईलाई डकवर्थ लेविस पद्धतिको आधारमा १९ रनले हराउँदै उपाधि जितेको थियो । क्यानले नोभेम्बर १५ देखी १९ सम्म चार देश सम्मिलित महिला टि२० आई सिरिजमा नेपाललाई पठाउने निर्णय पनि गरेको छ।

# विश्वकपमा पराजित भएपछि श्रीलङ्का क्रिकेट बोर्ड बर्खास्त

**एएफपी**

कोलम्बो । विश्वकपमा भारतसँगको शर्मनाक हारको केही दिनपछि श्रीलङ्काका खेलमन्त्री रोशन रणसिङ्घेले सोमबार राष्ट्रिय क्रिकेट बोर्डलाई बर्खास्त गर्नुभएको छ। व्यापक भ्रष्टाचारको आरोपमा महिनौँदेखि आर्थिक सङ्कटमा परेको मुलुकको सबैभन्दा धनी खेल संस्था श्रीलङ्का क्रिकेट बोर्ड र मन्त्रीबीच विवाद कायम छ।

श्रीलङ्काको सन् १९९६ विश्वकप विजेता कप्तान ५९ वर्षीय अर्जुना रणतुङ्गालाई नयाँ अन्तरिम बोर्डको अध्यक्षमा नियुक्त गरिएको खेलमन्त्रीको कार्यालयले जनाएको छ।

कोलम्बोमामन्त्रीरणसिङ्घले भन्नुभयो, "पूर्वकप्तान रणतुङ्गा क्रिकेटलाई पुनरजीवन दिन सबैभन्दा उपयुक्त व्यक्ति हुनुहुन्थ्यो, टिमलाई राम्रो प्रदर्शन गराउनु प्राथमिकता हो ।" उहाँले भ्रष्टाचारको अनुसन्धानमा सहयोगका लागि सात सदस्यी प्यानलमा तीन जना न्यायाधीशलाई समावेश गरिएको जानकारी दिनुभयो।

रणतुङ्गाले क्रिकेट पुनरनिर्माणको चुनौती स्वीकार गरेको बताउनुभयो । "श्रीलङ्का क्रिकेटलाई देशको सबैभन्दा भ्रष्ट संस्थाका रूपमा चिनिन थालेको छ, म त्यो छवि परिवर्तन गर्न चाहन्छु", उहाँले भन्नुभयो।

बोर्डका सचिव एवं दोस्रो सबैभन्दा ठूला अधिकारी मोहन डि सिल्भाले पदबाट राजीनामा दिएको एक दिनपछि बोर्डलाई बर्खास्त गरिएको हो।

गत साता विश्वकपमाआयोजक भारतसँग श्रीलङ्काको तीन सय दुई रनको हारपछि मन्त्री रणसिङ्घेले सार्वजनिकरूपमा सम्पूर्ण बोर्डको राजीनामा माग्नुभएका थियो । मुम्बईमा भारतको तीन सय ५८ रनको स्कोरलाई पछ्याउँदा श्रीलङ्का एक समयमा १४-६ को स्थितिमा थियो र ५५ रनमा अलआउट भयो । यो विश्व कपको इतिहासमा चौथो सबैभन्दा कम स्कोर हो।

उक्त हारपछि सार्वजनिक आक्रोश बढ्यो र शनिबार आक्रोशित विरोध प्रदर्शन भएपछि कोलम्बोमा बोर्डको कार्यालयबाहिर प्रहरी परिचालन गरिएको थियो।

मन्त्री रणसिङ्घेले श्रीलङ्का क्रिकेट अधिकारीहरूलाई पदमा बसिरहने कुनै नैतिक अधिकार नभएको बताउनुभयो । उहाँले बोर्डमाथि 'देशद्रोही र भ्रष्ट' भएको आरोप लगाउँदै भन्नुभयो, "तिनीहरूले स्वेच्छिक राजीनामा दिनुपर्छ।"

श्रीलङ्काले सोमबार बङ्गलादेशसँग खेल्दैछ। विश्वकपको अन्तिम चारमा आफ्नो स्थान बनाउन उसलाई गणितीय चमत्कारको आवश्यकता छ।

# दक्षिण कोरियाले सैन्य जासुसी उपग्रह प्रक्षेपण गर्दै

**एपी**

सोल । दक्षिण कोरियाले प्रतिद्वन्द्वी उत्तर कोरियामाथि अझ राम्रो निगरानी गर्न यसै महिनाको अन्त्यमा आफ्नो पहिलो घरेलु जासुसी उपग्रह प्रक्षेपण गर्ने योजना बनाइरहेको बताएको छ।



उत्तर कोरियाले आफ्ना विरोधीहरूलाई निशाना बनाउन आणविक हतियारहरूको विस्तार गर्न जोड दिइरहेका बेला दक्षिण कोरियाले जासुसी उपग्रह प्रक्षेपण गर्न लागेको हो।

उत्तर कोरिया सम्भवतः प्राविधिक कारणले अक्टोबरमा आफ्नै टोही उपग्रह प्रक्षेपण गर्ने प्रयास पूरा गर्न असफल भएको बेला दक्षिण कोरियाको यो योजना सार्वजनिक भएको हो।

मुलुकको पहिलो सैन्य जासुसी उपग्रह नोभेम्बर ३० मा क्यालिफोर्नियाको भान्डेनबर्ग वायुसेना बेसबाट प्रक्षेपण गरिने दक्षिणकोरियाकोरक्षामन्त्रालयका प्रवक्ता जियोन हा ग्युले सोमबार पत्रकारहरूलाई बताउनुभयो।

उक्त उपग्रहलाई स्पेसएक्सको 'फाल्कन ९' रकेटले लैजाने छ। दक्षिण कोरियाको रक्षा अधिग्रहण कार्यक्रम प्रशासनका अनुसार स्पेसएक्ससँग भएको सम्झौताअन्तर्गत दक्षिण कोरियाले सन् २०२५ सम्ममा चारवटा थप जासुसी उपग्रह प्रक्षेपण गर्ने योजना बनाएको छ। दक्षिण कोरियासँग अहिले आफ्नै कुनै सैन्य उपग्रह छैन। उत्तर कोरियाको गतिविधिमाथि निगरानी गर्न ऊ अमेरिकी जासुसी उपग्रहहरूमा निर्भर छ।

आफ्नै जासुसी उपग्रहको स्वामित्वले दक्षिण कोरियालाई निकट समयमा उत्तर कोरियामाथि निगरानी गर्नका लागि स्वतन्त्र अन्तरिक्षआधारित निगरानी प्रणाली प्राप्त हुनेछ। दक्षिण कोरियाको विज्ञान तथा प्रविधि नीति संस्थाका फेलो लि चुन ग्युनका अनुसार मुलुकको तथाकथित थ्रि-एक्सिस प्रणाली प्रिमप्टिभ स्ट्राइक, क्षेप्यास्त्र प्रतिरक्षा र प्रतिशोधात्मक सम्पत्तिहरू एकैसाथ सञ्चालन गर्दा उत्तर कोरियाविरुद्ध मुलुकको समग्र प्रतिरक्षा व्यापकरूपमा वृद्धि हुनेछ।

उहाँले अमेरिकी जासुसी उपग्रहले उच्च रिजोल्युसन इमेजरी उत्पादन गर्ने तर ती दक्षिण कोरियाको नभई अमेरिकी रणनीतिक उद्देश्यअन्तर्गत सञ्चालन हुने बताउनुभयो । अमेरिकाले कहिलेकाहीँ दक्षिण कोरियालाई अत्यधिक संवेदनशील जानकारी भएका स्याटेलाइट तस्बिर पनि नदिने गरेको उहाँको भनाइ छ।

# भारतमा बस दुर्घटनामा चारको मृत्यु

**सिन्ह्वा**

नयाँदिल्ली । भारतको उत्तर-पश्चिमी राज्य राजस्थानमा सोमबार यात्रुवाहक बस पुलबाट खस्दा कम्तीमा चार जनाको मृत्यु हुनुका साथै अन्य बीसजना भन्दा बढी घाइते भएको स्थानीय अधिकारीले बताएका छन्।

अधिकारीका अनुसार दुर्घटना राजस्थानको दौसा जिल्लामा भएको हो।दुर्घटनाग्रस्त निजी बस उत्तर प्रदेश राज्यको हरिद्वार क्षेत्रबाट राजस्थानको राजधानी जयपुरतर्फ जाँदै गर्दा चालकले नियन्त्रण गुमाएर पुलबाट रेल ट्र्याकमा खसेको अधिकारीहरूले बताएका छन्।

अधिकारीका अनुसार २० भन्दा बढी घाइतेलाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको थियो। तीमध्ये गम्भीर पाँच जनालाई जयपुरस्थित सरकारी अस्पतालमा सिफारिस गरिएको छ।

दुर्घटनाका कारण जयपुर-दिल्ली सञ्चालित रेलको आवागमनमा नराम्रो असर परेको भारतीय रेल्वेका एक अधिकारीले बताउनु भएको छ।

# वर्षको अन्त्यसम्ममा रुसले स्वेच्छिक तेल निर्यातमा प्रतिदिन तीन लाख ब्यारेलले कटौती गर्ने

**एएनआई**

मस्को । रुसले सन् २०२३ को अन्त्यसम्म प्रतिदिन तीन लाख ब्यारेल अतिरिक्त स्वेच्छिक तेल निर्यात कटौतीलाई जारी राख्ने रुसी समाचार एजेन्सी तासले बताएको छ। सेप्टेम्बर र अक्टोबरमा तेल र तेल उत्पादनको निर्यातमा गरिएको कटौतीलाई सन् २०२३ डिसेम्बरसम्म जारी राखिने रुसी उपप्रधानमन्त्री अलेक्जेन्डर नोभाकले आइतबार बताउनुभयो।

"रुसले सेप्टेम्बर र अक्टोबरसम्मका लागि लागू गरेको विश्व बजारहरूमा आफ्नो तेल र तेल उत्पादनहरूको आपूर्तिमा प्रतिदिन तीन लाख ब्यारेल अतिरिक्त स्वेच्छिक कटौतीलाई यो वर्षको डिसेम्बरसम्म जारी राख्नेछ", उहाँले भन्नुभयो। तासका अनुसार तेल उत्पादनमा कटौती जारी राख्ने वा बढाइने भन्ने निर्णय अर्को महिना बजार विश्लेषण गरिने उहाँले बताउनुभयो।



उक्त कदम सन् २०२३ अप्रिलमा रुसले घोषणा गरेको स्वेच्छिक तेल उत्पादनमा दैनिक पाँच लाख ब्यारेल कटौतीको पूरक हो र यो सन् २०२४ डिसेम्बरसम्म लागु हुनेछ । उपप्रधानमन्त्री नोभाकले अतिरिक्त कटौतीको प्रयोग पेट्रोलियम निर्यातकर्ता मुलुकहरूको सङ्गठन ओपेक प्लसको तेल बजारहरूमा स्थिरता र सन्तुलन कायम गर्ने कदम बढाउन थप कटौती गरिएको बताउनुभयो।

रुसले मार्चसम्म स्वेच्छिकरूपमा फेब्रुअरीको औसत पाँच लाख ब्यारेल तेल उत्पादन कटौती सुरु गरेको थियो। यसका साथै उत्पादनमा कटौतीको अवधि वर्षमा धेरै पटक बढाइएको थियो। तासका अनुसार भियनामा जुन ४ मा भएको ओपेक प्लसको बैठकपछि उत्पादन कटौतीलाई सन् २०२४ डिसेम्बरसम्म बढाइएको थियो।

यसका साथै रुसले अगस्टमा विश्व बजारमा तेल निर्यातलाई अतिरिक्त पाँच लाख ब्यारेल प्रतिदिन कटौती गर्ने निर्णय गर्‍यो। यो वर्षको अन्त्यसम्म उक्त कदमलाई जारी राख्ने निर्णय गरिएपछि सेप्टेम्बरमा निर्यातमा प्रतिदिन तीन लाख ब्यारेल कटौती गर्न सुरु गरेको तासले बताएको छ।

# प्रदूषण बढेपछि नयाँदिल्लीमा सवारी साधनमाथि रोक लगाइने

**एएफपी**

नयाँदिल्ली । विषाक्त धुवाँबाट राजधानीवासीलाई केही राहत दिन नयाँदिल्लीमा एक साताका लागि निजी सवारी साधनको प्रयोगमाथि रोक लगाइने अधिकारीहरूले सोमबार घोषणा गरेका छन्।

तीन करोड जनसङ्ख्या रहेको दिल्लीलाई प्रत्येक वर्ष हिउँदयामको सुरुमा विषाक्त धुवाँले ढाक्दछ। छिमेकी कृषि प्रधान राज्यहरूमा किसानले पराल जलाएका कारण दिल्लीलाई धुवाँले ढाकेको हो।

नयाँदिल्लीलाई संसारको सबैभन्दा धेरै प्रदूषित सहरमध्ये एक मानिन्छ। यहाँको वार्षिक धुवाँ प्रत्येक वर्ष सयौँ/हजारौँ मानिसको अकाल मृत्युको कारण बन्ने गर्छ।

अहिलेसम्म सरकारको नेतृत्वमा गरिएका प्रयासले वायु गुणस्तरको समस्यालाई सम्बोधन गर्न सकेको छैन। सन् २०१७ को एक अमेरिकी अध्ययनअनुसार भारतमा प्रत्येक वर्ष १० लाख मानिसको अकालमा मृत्यु हुने गरेको छ।

दिल्लीका पर्यावरणमन्त्री गोपाल रायले सडक-रासन योजना दीपावलीको एक दिनपछि आगामी सोमबार एक साताका लागि ल्याइने जानकारी दिनुभयो।

योजनाअन्तर्गत जोर र बिजोर नम्बर प्लेट भएका कारहरूलाई एक साताका लागि वैकल्पिक दिनमा यात्रा गर्न अनुमति दिइने छ। मन्त्री रायले भन्नुभयो, "दीपावलीपछि प्रदूषण अझ बढ्न सक्ने भएकाले यस्तो निर्णय लिइएको हो।" उहाँका अनुसार नोभेम्बर २० पछिको स्थितिको समीक्षा गरिने छ।

आइक्युएयरका अनुसार सोमबार सबैभन्दा खतरनाक पिएम२.५ कणहरूको स्तर एक सय ८४ माइक्रोग्राम प्रतिघनमिटरसम्म पुगेको छ। विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेकोभन्दा यो करिब १२ गुणा धेरै हो। पिएम२.५ कण रक्त प्रवाहमा प्रवेश गर्नसक्ने अति सानो कण हो।

# इरानी विदेशमन्त्री र अफगान उपप्रधानमन्त्रीद्वारा आर्थिक सहयोग विस्तार गर्न आह्वान

**सिन्ह्वा**

तेहरान। इरानका विदेशमन्त्री होसेन अमिर-अब्दुल्लाहियान र अफगान कामचलाउ सरकारका कार्यवाहक उपप्रधानमन्त्री मुल्लाह अब्दुल घानी बरादरले आइतबार द्विपक्षीय सहयोगलाई बढाउने आवश्यकतामाथि जोड दिनुभएको छ।



इरानको राजधानीतेहरानमा भएको बैठकमा दुवै पक्षले द्विपक्षीय सम्बन्ध र साझा हितका क्षेत्रीय विषयमा विचारविमर्श गर्नुभएको इरानको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

अब्दुल्लाहियानले अर्थतन्त्र, व्यापार, उद्योग र आधुनिक प्रविधिको क्षेत्रमा अफगानिस्तानसँगको सम्बन्धमा सुधार गर्न र असहज परिस्थितिमा सहयोग गर्न इरान तत्पर रहेको बताउनुभयो।

बरादरले इरानसँग सहयोगको विस्तारमा आफ्नो सरकारले जानेरै छनोट गरेको बताउनुभयो । अफगानिस्तान इरानको पारवहन मार्गमार्फत अन्तर्राष्ट्रिय व्यापार सम्बन्धलाई विकास गर्न र निर्यातका लागि दक्षिणपूर्वी इरानका बन्दरगाहको प्रयोग गर्न इच्छुक रहेको उहाँको भनाइ थियो।

दुवै मुलुकले गाजा र पश्चिम किनारमा प्यालेस्टिनीहरूविरुद्ध इजराइली 'अपराध' को निन्दा गरेका छन्।

बैठकमा इरानमा अफगान शरणाथीहरूसँग सम्बन्धित विषय र लागु औषध ओसार पसारविरुद्धको सहकार्यका बारेमा पनि छलफल भएको इरानको विदेश मन्त्रालयले बताएको छ।

# उत्तरपश्चिम पाकिस्तानमा विस्फोटमा दुईको मृत्यु

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानको उत्तरपश्चिम पख्तुनख्वा प्रान्तमा आइतबार भएको विस्फोटमा एक बालकसहित दुई जनाको मृत्यु हुनका साथै अन्य तीन जना घाइते भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार विस्फोट पख्तुनख्वा प्रान्तको लक्की मरावत जिल्लास्थित एक गाँउमा भएको हो। घाइतेहरूलाई उपचारका लागि नजिकैको अस्तपालमा लगिएको समेत प्रहरीले जानकारी दिएको छ।

अहिले सम्म आक्रमणको जिम्मेबारी कुनै पनि समूह वा व्यक्तले नलिएको प्रहरी स्रोतले जनाएको छ । थप अनुसन्धानका लागि सम्बन्धित क्षेत्रलाई घेराबन्दी गरिएको प्रहरीले जनाएको छ ।

# सीमा स्थिरतामा सहयोग गर्न चीनको म्यान्मासँग आग्रह

**एएफपी**

बेइजिङ । म्यान्माको जुन्ता सरकारसँग लड्ने सशस्त्र समूहहरूले एउटा रणनीतिक व्यापारिक चौकीलाई कब्जामा लिएको भन्दै चीनका एक वरिष्ठ कूटनीतिज्ञले आफ्नो साझा सीमा स्थिरतामा 'सहयोग' गर्न म्यान्मासँग आग्रह गर्नुभएको छ । चिनियाँ सहायक विदेशमन्त्री नोङ रोङले शुक्रबारदेखि आइतबारसम्म म्यान्माको भ्रमण गर्नुभयो । तेइस हजार सर्वसाधारणलाई आफ्नो घरबाट विस्थापित हुन बाध्य पारिएको झडपहरूबारे उहाँले जुन्ता अधिकारीहरूसँग कुराकानी गर्नुभयो। संयुक्त राष्ट्रसङ्घले झडपका क्रममा २३ हजार नागरिक आफ्नो घर छाड्न बाध्य भएको बताएको छ।

"म्यान्मासँग चीन-म्यान्मा सीमामा स्थिरता कायम राख्न चीनलाई सहयोग गर्न आह्वान गरिएको छ", नोङको भनाइ उद्धृत गर्दै चीनको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ । नोङले आफ्नो भ्रमणका क्रममा म्यान्माका उपप्रधानमन्त्री एवं विदेशमन्त्री थान स्वे र उपविदेशमन्त्री ल्विन ऊसँग भेट गर्नुभएको बेइजिङले जनाएको छ।

उहाँले भन्नुभयो, "चीनले जुन्तासँग चिनियाँ सीमा क्षेत्रका बासिन्दाको जीवन र सम्पत्तिको सुरक्षालाई इमान्दारीपूर्वक सुनिश्चित गर्न र म्यान्मामा चिनियाँ कामदार, संस्थान र परियोजनाहरूको सुरक्षा सुदृढ पार्नका लागि प्रभावकारी कदम उठाउन आग्रह गरेको छ।"

पूर्वोत्तर शान राज्यमा म्यान्माका जातीय अल्पसङ्ख्यक समूहहरूको गठबन्धनले सुरु गरेको हालैको हमलालाई सन् २०२१ मा सत्ता कब्जा गरेपछि जुन्ता सरकारसामु सबैभन्दा ठूलो सैन्य चुनौती ठानिएको विश्लेषकहरूले बताएका छन्।

# साल्टट्रेडिङले खुद्रा व्यापारीलाई समेत १० बोरा चिनी दिने

काठमाण्डु । तिहार तथा छठ पर्वका लागि सरकारले चिनीको आयात सहज बनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निरन्तर पहलपछि साल्टट्रेडिङले खुद्रा व्यापारीलाई १० बोरासम्म चिनी बिक्री वितरणका लागि दिइने भएको छ।

बजारमा चिनीको हाहाकार भएपछि उक्त कार्यालयले चिनी उत्पादक उद्योगसँग समन्वय गर्दै तीन हजार मेट्रिकटन चिनी साल्टट्रेडिङमार्फत किन्ने प्रबन्ध गरेको थियो । यसका साथै अवैधरुपमा भित्रिएको चिनीको खोजतलास गर्न उपत्यकाका तीनवटै जिल्लामा सुरक्षा निकायसँग समन्वय गरी विशेष अनुगमन टोली परिचालन गरिएका थिए।

उक्त कार्यालयको समन्वयमा सबै निकायका प्रतिनिधि सम्मिलित उच्चस्तरीय अनुगमन टोलीले राजधानी काठमाडौँका विभिन्न स्थानमा अवैधरुपमा पठाइएका सयौँ बोरा चिनी बरामद गरेको थियो।

उद्योगीबाट किनिएको चिनी साल्टट्रेडिङले आफ्ना 'आउटलेट', खुद्रा



बिक्रेता सङ्घअन्तर्गतका केही पसल तथा खाद्य संस्थानबाट मात्रै बिक्री वितरण गरे पनि उपभोक्ताले लामो लाइन लाग्नुपर्ने अवस्था भएकाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा सबै खुद्रा व्यापारीलेसमेत १० बोरा चिनी बिक्री वितरणका लागि किन्न पाउने भएका छन्। यो चिनी प्रतिकिलो रु एक सय १५ मा उपभोक्ताले किन्न पाउनेछन् । व्यापारीले तोकिएका निर्धारित मूल्यभन्दा बढीमा बेचेको खण्डमा भने कारबाही हुनेछ । खुद्रा व्यापारी तथा व्यवसायीले सोमबारदेखि साल्टट्रेडिङको कालीमाटी शाखा र आज (मंगलबार) देखि कोटेश्वर शाखाबाट चिनी किन्न पाउनेछन्।

चिनीको सङ्कट अन्त्य गर्दै सहजरुपमा चिनी उपलब्ध गराउन दसैंलगत्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, वाणिज्य विभाग, खाद्य तथा गुणस्तर विभाग, आन्तरिक राजस्व विभाग, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका उच्च पदाधिकारीको बैठकले विभिन्न उपायमाथि छलफल गरेको थियो।

यसअन्तर्गत हरेक दिन अनुगमनलाई प्रभावकारी बनाउने, अवैधरूपमा ल्याइएको चिनी बरामद गर्न विशेष अप्रेशन सञ्चालन गर्ने, नेपाली चिनी उद्योगमा मौज्दात रहेको चिनी उपभोक्ताका लागि बजारमा ल्याउन समन्वय गर्ने र भारतबाट चिनी आयातका लागिसमेत पहल गर्ने निर्णय भएको थियो।

नेपाली चिनी उद्योगको संरक्षणका लागि सरकारले भन्सारमा ३० प्रतिशत महसुल निर्धारण गरे पनि चिनी उद्योगले भने उपभोक्ताका लागिभन्दा चिनी खपत हुने अन्य उद्योगका लागि चिनी बिक्री गर्ने गरेपछि सङ्कट उत्पन्न भएको थियो । सरकारको पहलपछि अहिले बजारमा चिनीको अभाव नहुने भएको छ। रासस

# कोरोनामा बन्द भएका सिनेमा हल खुल्न सकेनन्

कटारी। कुनै समय उदयपुरको कटारीस्थित चन्द्र टाकिज हलमा फिल्म हेर्ने दर्शकको व्यवस्थापन गर्न हल सञ्चालकलाई हम्मेहम्मे पर्थ्यो । उदयपुरको पश्चिम क्षेत्र र सिन्धुलीको पूर्वी क्षेत्रका दर्शकहरुको यहाँ भीड लाग्ने गर्थ्यो।

करिब तीनदशक यो हलले यस क्षेत्रमा निरन्तर मनोरञ्जन दिलाएको थियो। पछिल्लो समय कोभिड- १९ को सङ्क्रमणका कारण हल बन्द गर्नुपर्ने अवस्था आएपछि बन्द रहेको यो हल सञ्चालनमा आउन सकेको छैन। लामो समय कोरोनाका कारण बन्द भएपछि हल सञ्चालन गर्न नसकिएको हलका व्यवस्थापक उमेश कटुवालले बताउनुहुन्छ।

कोरोना सकिएपछि प्रेमगीत ३ चलचित्र सञ्चालन गरे पनि हल मर्मत गर्नुपर्ने अवस्था आएकाले पुनःसञ्चालन गर्न नसकिएको उहाँको भनाइ छ। हल मर्मत गर्न आवश्यक रकमको अभावमा सञ्चालनमा ल्याउन नसकिएको उहाँ बताउनुहुन्छ। हल सञ्चालक प्रयास कार्की हलमा लगानी गर्ने सोचमा हुनुहुन्न । "पाँच सात लाख रुपैयाँ लगानी गरेर नाफा आउने अवस्था छैन्", कार्की भन्नुहुन्छ, "एक्लो प्रयासले लगानी गर्दा अब हलबाट नाफा कमाउन सकिन्दैन।"



कटारीको मात्रै होइन जिल्ला सदरमुकाम गाईघाटमा पनि अहिले हल चल्न नसकेको लामो समय भयो । कोरोनाकाल सम्म जेनतेन चलेको गाईघाटको फिल्म हल पनि त्यसपछि सञ्चालनमा आउन सकेको छैन। गाईघाटमा पनि तीन दशकअघिको शुभलक्ष्मी हल अहिले जीर्ण अवस्थामा पुगिसकेको छ । शुभलक्ष्मी हल कमजोर बनेको भन्दै गाईघाटमा खुलेको बाबारानी हल पनि कोरोनाअघिदेखि नै बन्द छ।

बाबारानीले हल हटाएर त्यस ठाउँमा अन्य व्यवसाय सुरु गरिसकेको छ । बाँकी एकमात्र शुभलक्ष्मी हलमा पनि लगानी गर्न नसकिने अवस्थामा पुगेको सञ्चालक जगदिश साह बताउनुहुन्छ।

"लगानी गरेर के गर्ने हिन्दीफिल्म चलाउन महँगो पर्छ, नेपाली फिलिमले लगानी पनि उठाउँदैन", उदयपुरका कलाकार मिथुन ठाकुर भन्नुहुन्छ, "जिल्लामा राम्रो हल नहुँदा मनोरञ्जन क्षेत्र अगाडि बढ्न सकेको छैन् ।" जिल्लाको पूर्वी क्षेत्रमा अहिलेसम्म कुनै हल नै सञ्चालनमा आउन सकेको छैन। पछिल्लो समय प्रविधिका कारण मोबाइलबाट नै मनोरञ्जन प्राप्त हुनेहुँदा हलमा लगानी गर्नसक्ने अवस्था नरहेको व्यवसायीहरु बताउँछन्। रासस

# पुष्प मेलामा रु एक करोड १७ लाखको कारोबार

काठमाण्डु । गत मङ्गलबादेखि सुरु भएको पुष्प मेलामा रु एक करोड १७ लाखको कारोबार भएको छ। रु एक करोड कारोवार हुने लक्ष्य राखेर सुरु गरिएको उक्त मेलामा लक्ष्यभन्दा रु १७ लाख बढीको



कारोबार भएको आयोजक संस्थाले जनाएको छ।

फ्लोरिकल्चर एशोसिएशसन नेपाल (फ्यान) का अध्यक्ष मीनबहादुर तामाङका अनुसार मेलामा ४५ हजार जनाले अवलोकन गरेका थिए। सत्तरी वटा बिक्री कक्ष रहेको उक्त मेलामा बिक्री भएका फूलमध्ये ५० प्रतिशत गोदावरी फूल बिक्री भएको थियो।

मेलामा व्यावसायिक स्टल ६१, प्रतियोगितात्मक स्टल दुई, फ्लावर सजावट स्टल दुई र सूचनामूलक पाँच गरी ७० वटा स्टल रहेका छन् ।पूर्वबडामहारानी कोमलराज्यलक्ष्मीशाहस्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेत, सांसद् डा तोशिमा कार्की, ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीलगायतले मेला अवलोकन गर्नुभएको थियो। एशोसिएशनले नेपाली पुष्प व्यवसाहीको उत्पादनलाई प्रोत्साहन एवम् प्रबर्द्धन गर्ने मुख्य उद्देश्यका साथै तिहारलाई लक्ष्य गरेर मेला आयोजना गरेको जनाएको छ।

पछिल्लो समय काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४८ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ। नेपालमा हाल व्यावसायिकरूपमा चार सय ५० प्रजातिका फूल उत्पादन हुँदै आएको छ। नेपालमा लगभग दुई सय २१ हेक्टर क्षेत्रफलमा करिब एक हजार दुई सय व्यवसायीले यसको खेती गर्दै आएका बताइएको छ।

मेलामा प्रवेश शुल्कबाट उठेको रकम भूकम्पपीडितका लागि आयोजक संस्थाले हिजो एक दिन मेलामा टिकट बिक्रीबाट उठेको रकमको ५० प्रतिशत रकम गत शुक्रबार राति जाजरकोट र रुकुमपश्चिममा गएको भूकम्प पीडितका लागि सहयोग गर्ने जनाएको छ।

सुरुमा पाँच दिनका लागि भनेर सुरु गरिएको गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनीको मेला अवधि एक दिन थप गर्दै आजसम्म सञ्चालन गरिएको र उक्त रकम भूकम्पीडितलाई सहयोग गर्ने बताइएको छ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार दोहोरो अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलब ३० ले बढेर एक हजार आठ सय ४७ दशमलब ५४ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक भने तीन दशमलब ३३ अङ्कले उकालो लागेर तीन सय ५५ दशमलब ७३ मा पुगेको छ । कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा सोमबार वृद्धि भएको छ।

कूल ३५ लाख ५५ हजार छ सय ७० कित्ता शेयर रु ९३ करोड ८९ लाख २९ हजार ४० मूल्यमा कारोबार भयो । कारोबारका आधारमा सोल्टी होटल शीर्ष स्थानमा छ। सो कम्पनीको रु छ करोड ४३ लाख २० हजार नौ सय १० बराबरको कारोबार भयो। सोनापुर मिनरल्स रु पाँच करोड ६२ लाख तीन हजार एक सय १६, हाथवे इन्भेस्टमेन्ट रु तीन करोड ७८ लाख ३९ हजार छ सय ६०,हिमालय बैंक रु तीन करोड ५८ लाख ४८ हजार सात सय ५० र मञ्जुश्री फाइनान्स रु दुई करोड ३९ लाख ७२ हजार नौ सय ५७ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार हाथवे इन्भेस्टमेन्ट नौ दशमलब ९८, सिद्धार्थ प्रिमियर इन्स्योरेन्स नौ दशमलब ९३, आशा लघुवित्त छ दशमलब १६,दिव्यश्वरी हाइड्रोपावर पाँच दशमलब ८८ र माई खोला हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलब ८२ प्रतिशतले कमाएका छन्।

यस्तै, लक्ष्मी लघुवित्त चार दशमलब २८, विन नेपाल लघुवित्त तीन दशमलब ९९, एनआइसि एशिया लघुवित्त तीन दशमलब ९१,एनआइसि एशिया ब्यालेन्स फण्ड तीन दशमलब शुन्य एक र माया खोला हाइड्रोपावरका लगानीकर्ताले दुई दशमलब ४० प्रतिशतले गुमाएका छन् ।रासस

# सौराहामा हात्ती परीक्षण स्वास्थ्य शिविर

चितवन। सौराहास्थित हात्ती प्रजनन् केन्द्रमा इलाफेन्ट हेल्थ क्याम्प २०२३ सोमबारदेखि सुरु गरिएको छ। चितवन राष्ट्रिय निकुञ्जमा रहेका सरकारी र यस क्षेत्रका होटलमा रहेका निजी हात्तीको स्वास्थ्य परीक्षणका लागि शिविर सुरु गरिएको हो। शिविर नोभेम्बर ११ तारेखसम्म जारी रहनेछ।

निकुञ्जका वरिष्ठ पशु चिकित्सक डा विजयकुमार श्रेष्ठका अनुसार शिविरका क्रममा हात्तीको आधारभूत स्वास्थ्य परीक्षण, जुकाको औषधि खुवाइने, हात्तीको खुट्टाको नङ काट्ने र मिलाउने सँगै हात्तीलाई टिटानश र रेबिजको खोपसमेत लगाइने छ।

परीक्षणका क्रममा घाउ देखिएमा एन्टिबायोटीक औषधिको प्रयोग गरिने, मिनिरल्स दिने उहाँले जानकारी दिनुभयो। थप अन्य समस्या देखिएमा उपचार गरिनेछ। निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार निकुञ्जका ५८ हात्तीसहित एक सय १५ हात्तीको स्वास्थ्य परीक्षण गरिनेछ।

अमेरिकी संस्था कटी एडम्सन कञ्जरभेसन फन्टको सहयोगमा चितवन राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषले शिविरको आयोजना गरेका हुन्। अमेरिकीसहित नेपालका पशु चिकित्सक र प्राविधिकले हात्तीको स्वास्थ्य परीक्षण तथा नङ मिलाउने काम गर्ने उहाँले जानकारी दिनुभयो।

राष्ट्रिय प्रकृति संरक्षण कोषका भेटेनरी प्राविधिक किरणराज रिजालका अनुसार हात्तीको सबैभन्दा ठूलो समस्या नङ हो। हात्तीको खुट्टाको टेक्ने भागलाई प्याड भनिन्छ ।रासस

# भूकम्पपीडितलाई २५ लाख सहयोग गर्ने एकीकृत समाजवादीको निर्णय

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) पार्टीले जाजरकोट र रुकुमपश्चिमका भूकम्पपीडितको उद्धार तथा राहतका लागि सरकारको राहत कोषमा रू २५ लाख सहयोग गर्ने निर्णय गरेको छ।

केन्द्रीय कार्यालय आलोकनगरमा आज बसेको सचिवालयको बैठकले पार्टीका नेता तथा कार्यकर्ताबाट रकम सङ्कलन गरेर भूकम्पपीडितलाई सहयोग गर्ने पार्टीका प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिनुभयो।

उहाँका अनुसार केन्द्रीय तथा प्रदेश सरकारका मन्त्री, सांसद, जनप्रतिनिधि एवं राजनीतिक नियुक्ति भएका व्यक्तिबाट १५ दिन बराबरको पारिश्रमिक पार्टीको राहत उपचार कोषमा जम्मा गर्नुपर्ने छ।

भूकम्म प्रभावित क्षेत्रको राहत र उद्धार कार्य व्यवस्थापन, आवश्यक सहयोग तथा अनुगमन गर्नका लागि पार्टीका उपमहासचिव प्रकाश ज्वाला संयोजक रहने गरी एक कार्यदल गठन गरेको छ । कार्यदलमा सांसद अमरबहादुर थापा, नन्दा चपाँई र धनबहादुर बुढा, प्रदेश सांसद कल्याणी खड्कालगायत रुकुमपश्चिम र जाजरकोट जिल्लाका पार्टी अध्यक्षसहितको टोली रहने प्रवक्ता खतिवडाले जानकारी दिनुभयो।

पार्टी महाधिवेशन आगामी माघमा गर्ने टुङ्गोमा पुगेको प्रवक्ता खतिवडाले बताउनुभयो। उहाँले यसको तयारीबारे छलफल नभए पनि अधिवेशन काठमाडौँमा गर्ने निर्णय भएको बताउनुभयो।

पार्टीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहितको १५ जनाको टोली मङ्गलबार चीन भ्रमणमा जाने जनाउँदै प्रवक्ता खतिवडाले उक्त भ्रमणले दुई देशको कम्युनिष्ट पार्टीबीच घनिष्ठ सम्बन्ध विकास गर्ने विश्वास व्यक्त गर्नुभयो।

सोमबारको बैठकमा मेचीदेखि महाकाली हुँदै सुर्खेतसम्म १५ दिने 'समाजवादी जागरण यात्रा'बारे समीक्षा भएको छ । रोजगारी, सुशासन र समृद्धिका लागि राजनीतिक दलकोतर्फबाट पहिलो पटक एक हजार दुई सय किलोमिटर लामो यात्रा सफलतापूर्वक सम्पन्न गरेको बैठकले निष्कर्ष निकालेको छ। रासस

# ३७ औँ क्यासी सम्मेलन काठमाडौँमा सुरु

काठमाण्डु । एशिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसङ्घ (क्यासी) र नेपाल उद्योग वाणिज्य महासङ्घको संयुक्त आयोजनामा ३७औँ क्यासी सम्मेलनसोमबारदेखिकाठमाडौँमा सुरु भएको छ। दुईदिनसम्म चल्ने उक्त सम्मेलनको शुभारम्भ राष्ट्रपति रामचन्द्र पौडेलले गर्नुभयो।

राष्ट्रपति पौडेलले आर्थिक विकासको तीव्र चाहना बोकेको हाम्रो देशमा रहेको कृषि, जलस्रोत, पर्यटनजस्ता प्रचुर प्राकृतिक स्रोत र साधनलाई अन्तर्राष्ट्रिय जगतसँग जोड्न लगानी र व्यापारका क्षेत्रमा धेरै अवसर रहेको धारणा व्यक्त गर्नुभयो । "नेपालमा लगानीका क्षेत्र बढ्दै गएका छन् र लगानी सहज बनाउनका लागि कानुन निर्माण भइरहेका छन्, म कृषि, पर्यटन र ऊर्जा क्षेत्रमा लगाानीका लागि अन्तर्राष्ट्रिय उद्योगी-व्यापारीलाई आह्वान गर्दछु", राष्ट्रपति पौडेलले भन्नुभयो।

सो अवसरमा पूर्वप्रधानमन्त्री एवम् नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले सम्मेलन आयोजना गर्न पाउनु नेपालका लागि गर्वको कुरा भएको बताउनुभयो । विश्वका मुलुक पहिलेभन्दा धेरै अन्तरसम्बन्धित रहेको उल्लेख गर्दै उहाँले प्रविधि, व्यापार र सञ्चारमा भएको द्रुतगतिको विकासले भावी जीवनलाई आकार दिनाका साथै विश्वव्यापीकरणले राष्ट्रहरूलाई नजिकसमेत ल्याएको बताउनुभयो । विश्वव्यापी परिदृश्यको जाँच गर्दा विकासका विभिन्न पक्षहरू जस्तै औद्योगिकीकरण, उद्यमशीलता, दिगोपन, असमानता, हाम्रो भविष्य र राज्यको भूमिकालाई विचार गर्नुपर्ने उहाँको धारणा थियो र

आजको बजारमा प्रतिस्पर्धात्मक लाभ प्राप्त गर्नका लागि साना र मझौला उद्यमीले आफ्नो ब्राण्ड बढाउन र पुँजीमा पहुँच बढाउन र व्यावसायिक जोखिम व्यवस्थापन गर्नका लागि सक्षम हुन दिगोपना महत्वपूर्ण रहेको उहाँको भनाइ थियो।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सम्मेलन दिगोपन, उद्यमशीलता र व्यापारमा केन्द्रित रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो मुलुकको आर्थिक विकासका प्रमुख स्तम्भ यिनै हुन् । हामी एशिया-प्रशान्त



क्षेत्रका लागि अझ समृद्ध भविष्य सिर्जना गर्ने आकाङ्क्षा राख्छौँ । दुई आर्थिक शक्तिराष्ट्रहरु भारत र चीनको बीचमा अवस्थित नेपालले एशिया प्रशान्त क्षेत्रमा रणनीतिक स्थान ओगटेको छ । यो सम्मेलनले व्यापार सञ्जाल, लगानीका अवसरको खोजी र बहुमूल्य विचार आदानप्रदानका लागि महत्वपूर्ण प्लेटफर्मका रूपमा काम गर्नेछ भन्ने हाम्रो विश्वास छ।"

अध्यक्ष ढकालले नेपालबाट आयातित जलविद्युतलाई आफ्नो नवीकरणीय ऊर्जा गणनामा समावेश गर्ने भारतको हालैको निर्णयले भारतको बजारलाई थप वृद्धि गर्ने अपेक्षा गर्नुभयो।

नेपालमा जलविद्युत् प्रचुर मात्रामा रहेकाले यहाँको दिगो आर्थिक विकासका लागि स्वच्छ र नवीकरणीय ऊर्जाको उपयोग गर्नसक्ने स्थितिमा रहेको उहाँको भनाइ थियो। नेपालको ऊर्जा क्षेत्रमा लगानी र सहकार्यको सम्भावना खोजी गर्न एशिया प्यासिफिकको निजी क्षेत्रलाई अध्यक्ष ढकालले आग्रह पनि गर्नुभयो । अन्तर्राष्ट्रिय पर्यटकका लागि नेपाल सधैँ लोकप्रिय गन्तव्य रहेको उल्लेख गर्दै उहाँले सगरमाथालगायत विश्वका अग्ला हिमालको भूमि भएकाले यहाँ एशिया-प्रशान्त क्षेत्रबाट धेरैभन्दा धेरै पर्यटक भित्र्याउन सकिनेसमेत बताउनुभयो। विश्वसँग राम्रो 'कनेक्टिभिटी' स्थापना गर्न विश्वस्तरीय होटल र विमानस्थललगायत महत्वपूर्ण चार वटा पर्यटन पूर्वाधारमा लगानी भइसकेको र केबलकार, लक्जरी होटल तथा रिसोर्ट, थिम पार्क, हिलस्टेसनलगायत अन्य धेरै क्षेत्रमा लगानीको प्रचुर सम्भावना रहेको अध्यक्ष ढकालको भनाइ थियो ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम धनुषाको
## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा उमाप्रेमपुर गा.वि.स. वडा नं. ४ हाल धनुषाधाम नगरपालिका वडा नं. ६ मा बस्ने सत्यनारायण महतोको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमका जग्गामा ऐ.ऐ. मा बस्ने फरणा महतो कोइरी मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोबास नभएको र निजको शेष पछि हकखाने एकासगोलको श्रीमान्, श्रीमती, बुवा, आमा, छोरा, छोरी, बुहारी, नाती नातीबुहारी, ३५ वर्ष पुगेको अविवाहिता छोरी धर्मपुत्र, दाजु भाईहरु कानूनी हकदार समेत नभएको हुँदा उक्त जग्गा म जग्गाधनीले आफै जोती कमाई आइरहेको छु। तर उक्त जग्गाको मोही लगतमा फरणा महतो कोइरी को नाउँ हाल सम्म यथावत कायम नै रहेको हुँदा निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पूर्जा तथा श्रेस्ताको मोही महलबाट सेमत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको नाउँमा पत्र लेदि पाउँ भनी जग्गाधनी सत्य नारायण महतोले मिति २०७९/०४/१८ गतेमा दिएको निवेदनमा कारवाही हुँदा दाबी जग्गाको मोही फरण महतो कोइरी वा निजको एकासगोलको माथि उल्लेखित हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। दाबी जगगाबाट मोही फरणा महतो कोइरी को नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला। अन्यथा दाबी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।

**तपसिल**

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १. | उमाप्रेमपुर | ४ख | १३ | ०-११-११ | फरणा महतो कोइरी | सत्य नारायण महतो |



## Madhesh Agricultural University
### Rajbiraj, Saptari
## Invitation for Bids

Date of Publication: 2080/07/21(7th November, 2023)

Madhesh Agricultural University Rajbiraj, Saptari (MAU, Saptari) invites electronic bids for the procuremnet and delivery of lab equipments for MAU Rajbiraj, Saptari from eligible bidders for following goods under National Competitive Bidding-Single stage Double Envelop (IS2E) Bidding procedure.

| S. N. | Contract No. | Description of goods | Bid Security Amount (NRs) | Price of bid Document NRs | Last of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1. | MAU/saptari/goods/ NCB/02/2080/081 | procuremnet and delivery of lab equipments for Madhesh Agricultural University Rajbiraj, Saptari | Nrs 4,00,000/- Total 150 days of Validity | Nrs. 3,000/- (Non Refundable) | 2080/08/21 (7th December, 2023) at 12:00 Noon | 2080/08/21 (7th December, 2023) at 14:00 Noon |

# मालपोतका अधिकृतसहित ७ कर्मचारीविरुद्ध मुद्दा दायर

**टुडे समाचारदाता**

वीरगञ्ज । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोतकार्यालय,पर्साकातत्कालीन ५ जना मालपोत अधिकृत, १ जना कम्प्युटर अधिकृत, १ जना नायब सुब्बालाई राजस्व चुहावटको आरोपमा ११ करोड १० लाख ३९ हजार ९ सय ५० रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

मालपोत कार्यालय, पर्साका तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्रविरुद्ध राजस्व चुहावटको आरोपमा २ करोड ९ लाख ३१ हजार ६ सय ४७ रुपैयाँ भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयका सहायक प्रवक्ता देवी प्रसाद थपलियाले जानकारी दिए।

तत्कालीन अधिकृत मिश्रले आर्थिक वर्ष २०७१/७२ मा मालपोत कार्यालय, पर्साको फाँट 'ग' को एकै रजिष्ट्रेशन नम्बरको एक भन्दा बढी लिखत पारित गरेको र सोमध्ये बढी राजस्व रकम उठेको लिखतको विवरण रजिष्ट्रेशन लिखत दर्ता किताबमा प्रविष्टि गरी किताबमा प्रमाणित गर्नुपर्नेमा दर्ता किताब प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भएका लिखतबाट सङ्कलन भएको सो रकम भ्रष्टाचार गरेकाले २ करोड ९ लाख ३१ हजार ६४७ को दोब्बर रकम जरिवाना गर्न माग दाबी गरी विशेष अदालत काठमाण्डुमा आरोपपत्र दायर गरिएको थपलियाले बताए।

यसैगरी, सोही मालपोत कार्यालयका तत्कालीन अधिकृत भूप बहादुर बोगटीले आर्थिक वर्ष २०७१/७२ मा सोही जग्गामा लिखत दर्ता किताबमा प्रविष्टि प्रमाणित नगरी निजको हस्ताक्षरबाट पारित भइ सङ्कलन भएको १ करोड ४९ लाख ६९ हजार १४५ रुपैयाँ भन्दा दोब्बर जरिवाना हुन माग दाबी गरी भ्रष्टाचारको आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ।

सोही आरोपमा तत्कालीन मालपोत अधिकृत गोपाल ढुङ्गानाविरुद्ध ३५ लाख ४५ हजार ९५० रुपैयाँभन्दा दोब्बर जरिवाना हुन समेतको माग दाबी गरी भ्रष्टाचार आरोपपत्र दायर गरिएको छ।

आयोगका अनुसार तत्कालीन अधिकृतहरू पदम प्रसाद अर्यालविरुद्ध १६ लाख ८१ हजार ६०० रुपैयाँको दोब्बर, अधिकृत चन्द्र बहादुर भण्डारीविरुद्ध २ लाख ४४ हजार ४६२ भन्दा दोब्बर जरिवाना, अधिकृत कमोद तिवारीविरुद्ध १ करोड ४१ लाख ४७ हजार १७१ भन्दा दोब्बर जरिवानासहित माग दाबी गरी भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

सोही कार्यालयमा तत्कालीन नायब सुब्बा किरण प्रसाद उपाध्यायविरुद्ध ५ करोड ५५ लाख १९ हजार ९७५ रुपैयाँको दोब्बर जरिवाना हुन माग दाबी गरी भ्रष्टाचार आरोपको मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

यस मुद्दामा उपाध्यायका अंश खाने अंशियार छोराहरू राज किशोर प्रसाद उपाध्याय, गौतम प्रसाद उपाध्याय, पशुपति प्रसाद उपाध्याय र मुरारी प्रसाद उपाध्यायविरुद्ध सो रकम असुलउपर गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरिएको आयोगले जनाएको छ।

पर्सा मालपोतका तत्कालीन सबै कर्मचारी अवकाश भइसकेको र दोब्बर जरिवानासहित मुद्दा दायर भएका नायब सुब्बा किरण प्रसाद उपाध्यायको मृत्युसमेत भइसकेको अवस्थामा उनका छोराहरूविरुद्ध मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ।

# साक्षर प्रदेश बनाउने प्रतिबद्धता

**सम्मेलनमा चालू आर्थिक वर्षभित्रै प्रदेशलाई साक्षर प्रदेश बनाउने सहितका १० बुँदे प्रतिबद्धता पत्रमा सहभागी स्थानीयतहका जनप्रतिनिधि, कर्मचारी र प्रदेशका मन्त्री तथा सरोकारवालाहरुले हस्ताक्षर गरेका थिए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशलाई साक्षर प्रदेश बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ।




शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेशले सोमबार जनकपुरधाममा आयोजना गरेको मधेश प्रदेशको शैक्षिक अवस्था, चुनौती तथा आगामी कार्यदिशा सम्बन्धी संघ, प्रदेश, स्थानीय तह र सरोकारवालाहरुबीच वृहत शिक्षा सम्मेलनमा सहभागी सरोकारवालाहरुले प्रदेशलाई साक्षर बनाउन पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

कार्यक्रममा मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री महेश यादवले मधेश प्रदेशको शैक्षिक अवस्था निकै कमजोर रहेकाले अब प्रदेशलाई साक्षर प्रदेश बनाउन तीनै तह गम्भीर भएर लाग्नु पर्ने आवश्यकता रहेकोमा जोड दिए।

मन्त्री यादवले प्रदेशलाई साक्षर प्रदेश बनाउन प्रदेश सरकारले नीति तथा कार्यक्रममा समेत समेटेको र मन्त्रालयले बजेटसमेत छुट्याएको जानकारी दिए। उनले प्रदेशलाई साक्षर बनाउन दुई चरणमा कार्यक्रम सञ्चालन गरिने जानकारी दिए। मन्त्री यादवले शिक्षा सम्बन्धी प्रदेशको ऐन र नियमावली पनि चाँडै ल्याउने गृहकार्य भइरहेको बताए।

मन्त्री यादवले मधेश प्रदेशलाई साक्षर प्रदेश बनाउने सन्दर्भमा व्यवहारिक र संस्कारिक शिक्षालाई केन्द्र बिन्दुमा राखेर अभियान चलाउन आवश्यक रहेको औंल्याए। मन्त्री यादवले हुनेखानेले आफ्ना सन्तानलाई सामुदायिक विद्यालयमा नपढाउने मानसिकता बोकेका कारण सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुले यसको कारक तत्वलाई मनन गरी इमान्दारितापूर्वक पठनपाठनको वातावरण बनाउन अग्रसर हुनुपर्ने धारणा राखे।

शिक्षाको विषय लिएर तीनवटै तहका पदाधिकारीहरुमा एक आपसमा विद्यमान द्वन्द्वलाई समाधान गर्न प्रदेश सरकारले प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने क्रममा रहेको र सो विधेयक पारित भएपश्चात शिक्षक र स्थानीय तहका पदाधिकारीबीचको द्वन्द्व निराकरण हुने विश्वास व्यक्त गरे।

सम्मेलनमा चालू आर्थिक वर्षभित्रै प्रदेशलाई साक्षर प्रदेश बनाउने सहितका १० बुँदे प्रतिबद्धता पत्रमा सहभागी स्थानीयतहका जनप्रतिनिधि, कर्मचारी र प्रदेशका मन्त्री तथा सरोकारवालाहरुले हस्ताक्षर गरेका थिए।

# सरकारी कर्मचारीसहित २ जना पक्राउ

**टुडे समाचारदाता**

राजविराज। लागू औषधसहित ३८ दिन अघि समातिएका एक सरकारी कर्मचारीको अनुसन्धानका क्रममा सप्तरी प्रहरीले सोही कार्यमा संलग्न रहेको आरोपमा सोमबार थप एक सरकारी कर्मचारीसहित २ जनालाई पक्राउ गरेको छ।




पक्राउ पर्नेहरुमा बोदेबर्साइन नगरपालिकाका स्वास्थ्य शाखा सह-संयोजक ४५ वर्षीय बैजनाथ साह र बोदेबर्साइन नगरपालिका-५ का ३५ वर्षीय मो.जमामुद्धिन इराकी रहेका छन्। बोदेबर्साइन नगरपालिका-५ का स्वास्थ्य शाखा सह-संयोजक साह र सोही वडाका इराकी समेतको लागू औषधको उक्त घटनामा संलग्नता रहेको खुलेको प्रहरीले जनाएको छ। यस अघि गत असोज १२ गते बोदेवर्साइन नगरपालिकाको स्वास्थ्य शाखा संयोजक राजनारायण ठाकुरलाई प्रहरीले प्रतिबन्धित लागू औषधसहित पक्राउ गरेको थियो।

स्वास्थ्य शाखा संयोजक ठाकुर चढेको लु ५५ प ५४३९ नम्बरको मोटरसाइकलबाट स्थानीय शत्रुघन चोकमा चेकजाँचको क्रममा प्रहरीले प्रतिबन्धित लागू औषध नाइट्राभेट ट्याबलेट २७ र एस्पासमो ट्याबलेट १५ वटा बरामद गरेको थियो।

प्रहरीले सप्तरी जिल्ला अदालतबाट लागू औषध मुद्दामा म्याद थप गराइ ठाकुरलाइ हिरासतमा राखेर थप अनुसन्धान गर्दै जाँदा बोदेबर्साइन नगरपालिकाका स्वास्थ्य शाखा सह संयोजक साह र अर्का स्थानीयवासी इराकीकोसमेत संलग्नता देखिएपछि दुबै जनालाई पक्राउ गरीएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले जानकारी दिएका छन्।

पक्राउ परेका दुबै जनालाई हिरासतमा राखिएको तथा मंगलवार सप्तरी जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान अघि बढाइने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# बैंक लुटेरा पुर्पक्षका लागि जेल चलान

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकास्थित एनएमबी बैंक लुटपाटमा संलग्न रहेको आरोपमा एक जनालाई पुर्पक्षका लागि जेल चलान गरिएको छ।

गत जेठ १६ गते महोत्तरी गाउँपालिका-२ महोत्तरी बजारमा रहेको एनएमबी बैंकमा संगठित अपराध, डाँका तथा लुटपाट गर्ने घटनामा संलग्न मध्येका धनुषा जिल्लाका मुखियापट्टि मुसहर्निया गाउँपालिका-२ बस्ने मुखियापट्टि टोलका रामवरण रामको छोरा २२ वर्षीय अनरजित रामलाई सोमबार जिल्ला अदालत महोत्तरीले पुर्पक्षका लागि जलेश्वर कारागार पठाइएको महोत्तरीका प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए।



जनकपुर ०४१-४२००२० । जलेश्वर ९८०७८०७१११ । महेन्द्रनगर ९७६५५३१५०० । धनुषाधाम ९८०४८६००५८
यदुकुवा ०४१-४१००६८ । वर्दिवास ०४४-५५०४४५ । लोहारपट्टी ९८०४८४००१७ । लाहान ०३३-५६३५३२ । विरगंज ०५१-५२४८५७

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८